मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक २०२ ● २०८१ साल जेठ २९ गते मंगलबार ● Tuesday 11, June 2024 ● सूर्योदय: बिहान ५:११ बजे ● सूर्यास्त: साँझ ६:५९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मेयरको निर्देशनमा अनमी कुटिइन्



**मधेशदृष्टि**
**महोत्तरी ।**
रामगोपालपुर नगरपालिकाका नगरप्रमुख रामदुलार साहले वडा नम्बर ४ स्थित आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत अनमी राधा जैसवाललाई नगरप्रहरी लगाएर कुटपिट गरेका छन् । कुटपिटबाट घाइते स्वास्थ्यकर्मी जैसवाललाई उपचारका लागि प्रादेशिक अस्पताल जलेश्वर लगिएको छ भने अस्पतालका चिकित्सकले सिटी स्क्यान गर्नुपर्ने भन्दै जनकपुर रिफर गरेको पीडितका छोरा यातिस जैसवालले जानकारी दिए ।

आइतबार नगरप्रमुख साहको आदेशमा नगर प्रहरीले आमालाई नगरपालिका लगेर मरणासन हुने गरी कुटपिट गर्नुका साथै प्रहरीको थुनुवामा पठाएको आरोप लगाउँदै थुनुवाको क्रममा बेहोस भएपछि उपचारको लागि अस्पताल पु¥याइएको उनले बताए ।

एक वर्षअघि रामगोपालपुर प्राथमिक स्वास्थ्य केन्द्रमा पदस्थापन भएकी जैसवाललाई नगरप्रमुख साह तथा स्वास्थ्य संयोजक अच्छेलाल दासको संयुक्त मिलेमतोमा आधारभूत स्वास्थ्य केन्द्रमा काजमा लगिएको र त्यहाँ करारका चौथौ तहका कर्मचारीको नेतृत्वमा खटाइएको विषयमा पीडितसँग विवाद हुँदै आएको थियो ।

उपचारक्रममा भेटिएकी पीडित अनमीका भाइ श्यामसुन्दर चौधरीले न्यायका लागि आवाज उठाएकी दिदीलाई जनप्रतिनिधिले कुटपिट गरेको भन्दै कारबाही माग गरे ।

रामगोपालपुर नगरपालिकाका स्वास्थ्यकर्मी रामदिनेश राय यादवले जनताको प्रत्यक्ष सेवामा खटिने राष्ट्रसेवक स्वास्थ्यकर्मीमाथि भएको कुटपिटले पालिकामा कामकाज गर्ने वातावरण नभएको बताए । नगरप्रमुखसाह तथा स्वास्थ्य संयोजक दासलाई सम्पर्क गर्न खोज्दा दुवै सम्पर्कमा आउन चाहेनन् ।

## अरुको पार्टी फुटाएर आफू ठूलो ?




नेपाली कांग्रेसका उपसभापति एवम् पूर्वमन्त्री धनराज गुरुङले आफ्नो पार्टीलाई बलियो बनाउन जनतालाई विश्वास जित्नुको सट्टा अरुको घर भत्काएर आफनो घर ठूलो बनाउने कार्य गलत भएको बताउदै केही राजनीतिक दल अरुको पार्टी फुटाएर आफ्नो पार्टी ठूलो भयो भन्ने गर्व गर्ने गरेको बताउँदै यो गलत रहेको बताए । उनले दलहरुबीच सहअस्तित्व, स्वच्छ, प्रतिस्पर्धा र सहकार्य आवश्यक रहेको बताउँदै केही राजनीतिक दलहरु आफ्नो निहित स्वार्थका लागि अरु पार्टीलाई समाप्त गर्ने गरेको बताए । उनले भने, 'गरिबी र अभाव, रोगविरुद्ध लड्न सहकार्य आवश्यक छ तर हामी समस्याहरुका बीचमा सहकार्य आवश्यक छ भन्ने तर अरुको दल समाप्त पार्नका लागि सहकार्य गर्छौं, त्यो गलत छ ।'

गुरुङले मुलुकमा देखिएका तमाम समस्या समाप्त पार्न एकता आवश्यक रहेको समय एकअर्काको अस्तित्व नै नस्वीकार गर्ने नेपालको राजनीतिक परिपाटी गलत भएको बताए । गुरुङले मधेश र पहाडका सम्बन्ध दुवै आँखा जस्तो हुनुपर्ने बताउँदै मधेश रुँदा पहाड रुनु पर्ने, पहाड रुँदा मधेश रुनु पने र त्यो भए मात्रै देश बलियो बन्ने बताए । उनले मुलुक कमजोर भएको खण्डमा कसैलाई हित गर्न नसकिने बताए ।

# जसपा महाधिवेशन

## संरचनागत विभेद हटाऔँ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपाध्यक्ष डा. स्वर्णिम वाग्लेले सरंचनागत विभेद संविधानलाई टेकेर भएर पनि समाधान गर्नुपर्नेमा जोड दिए । उनले जनतालाई सुशासन र समृद्धि दिन सकेनौँ भने जस्तोसुकै क्रान्तिमा पनि पनि प्रतिकान्ति आएको बताए । उनले आफू योजना आयोगमा आउँदा विकासको आधार मात्रै सडक र भौतिक विकास नभएको बताउँदै यसका लागि मधेशलाई फरक दृष्टिकोणले हेर्नुपर्छ भन्दा त्यो बेला सोचेर योजना निर्माण गरेको बताए । उनले आफ्नो पार्टी हरेक प्रकारको विभेदका विरुद्ध रहेको बताउँदै आफ्नो पार्टी कुनै पनि संरचनागत विभेदको विरोधमा रहेको बताए । वाग्लेले भने, 'संविधान अहिले सबैभन्दा बढी समावेशी छ, यदि कतै यसमा समस्या छ भने त्यसैलाई टेकेर भए पनि यसमा सुधार गर्नुपर्छ ।'

## 'जसपा सामान्य दुर्घटनामा परेको हो'

नेकपाका महासचिव नेत्र विक्रम चन्द विप्लवले जसपाको जीवनमा सामान्य दुर्घटना भएको र यसलाई लिएर आफूलाई दुःखसमेत लागेको बताए । उनले जसपाको पक्षमा नेपालको श्रमिक जनता रहेको भन्ने महाधिवेशनमा उपस्थितिले देखाएको बताए । उनले भने, 'नेपालमा सामन्तवादलाई तोडेर सापेक्षित ढंगले नेपालमा गणतन्त्र र संघीयतामा आएको छ, माओवादीले सामन्त समाप्त पार्न जसरी युध गरे, त्यसी नै मधेशको जनताले संघीयता ल्याउनका लागि योगदान दिएका छन् ।'

उनले नेपालमा श्रमिक र किसानको सत्ता चाहिएको तर यसमा आफूहरु सफल हुन नसकेको बताउँदै अहिले लडाइँ जारी रहेको र आन्दोलनकारीलाई अहिले अपराधीकरण गर्ने षड्यन्त्र भइरहेको बताए । विप्लवले राजनीतिक स्थायित्व नआएका कारण नै आमजनतामा ठूलै भ्रमको अवस्था रहेको बताउँदै आमजनता मन्त्रीसम्मको नाम थाहा नभएको अवस्थामा रहेको बताए । उनले यसका लागि सबै राजनीतिक दलमा समस्या रहेको र यसको जिम्मेवारी सबै राजनीतिक दलले लिनुपर्नेमा जोड दिए ।

## मधेशमा सिँचाई चाहियो

नेकपा एमालेका पोलिटब्युरो सदस्य लीलानाथ श्रेष्ठले मधेशको विकासमा धेरै काम भएको बताउँदै अहिले पनि मधेशको विकासमा धेरै बाँकी रहेको बताए । उनले मधेशको विकासका लागि आफ्नो पार्टी सरकारमा हुँदा धेरै काम गरेको बताउँदै सिँचाई, बाटोघाटो निर्माण र शिक्षाक्षेत्रमा धेरै सुधारका काम गरेको बताए । उनले भने, 'सिँचाई सुविधा मधेशमा पुर्याउन सकेको खण्डमा मधेश अन्नको भण्डार बन्न सक्ने बताउँदै यसतर्फ सरकारले धेरै काम गरिरहेको जिकिर गरे । श्रेष्ठले परनिर्भरता हटाउन धेरै काम गर्नुपर्ने आवश्यकता रहेको बताउँदै यसका लागि मधेशको खेतमा पानी पुर्याएर मधेश मात्रै होइन, नेपालका हरेक जिल्लामा यहाँका उत्पादन पुर्याएर नेपाललाई समृद्धिको बाटोमा अग्रसर गराउन मधेशले भूमिका खेल्न सक्ने बताए ।

## संघीयता टिक्न सक्दैन कि ?

राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङले पार्टी विभाजन हुँदा आफ्नो अस्तित्व नै कमजोर बन्ने गरेका कारण पार्टी कमजोर भएको खण्डमा लोकतन्त्र बलियो बन्न नसक्ने बताउँदै पार्टी विभाजन हुनु कुनै पनि हिसाबले सुखद नभएको बताए । उनले कुरा जे जस्तो भए पनि राजनीतिक अस्थिरता रहेको बताउँदै संघीयताले उन्नतिको मार्ग नआएको बताए । उनले सानो मुलुकमा संघीयता टिक्न नसक्ने बताउदै यसले मुलुकको विकासमा समस्या आउने बताए ।

## पुनर्मूल्यांकन गरेर अगाडि बढौँ

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलले परिवर्तनका लागि हामीले जुन आन्दोलन गरेका थियौँ, त्यो अहिले पनि अपूरो रहेकाले यसलाई पूरा गर्ने दायित्व आएको बताए । उनले अधिकारसम्पन्न प्रदेश बनाउने कुरा गरे पनि संविधान र परिवर्तनको कुरा गर्ने दलहरुले धोका दिएको बताए । सोनलले अधिकार र पहिचानसहितको मधेश चाहिएको बताउँदै यसका लागि मधेशकेन्द्रित दलहरुले आफूलाई पुनर्मूल्यांकन गरेर अगाडि बढ्नु पर्ने बताए ।






**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
जनता समाजावादी पार्टी (जसपा) नेपालको एकताको महाधिवेशन जनकपुरमा शुरु भएको छ । स्थानीय तिरहुतिया गाछीमा शुरु भएको महाधिवेशन उद्घाटनमा विभिन्न राजनीतिक दलका प्रतिनिधि र नेताले सफलताको शुभकामना दिए ।

उद्घाटन सत्रमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भने, 'जुन देशमा दुई तिहाई नागरिक उत्पीडनमा परेका छन्, त्यो मुलुकले कहिले पनि विकास गर्न सक्दैन ।' उनले उत्पीडनमा पारिएका समुदाय धेरै भएको मुलुक कहिले पनि विकासको पथमा अगाडि बढन नसक्ने बताउँदै यसको प्रत्यक्ष उदाहरण नेपाल रहेको बताए ।

यादवले नेपालको विकासका लागि चाहिने आवश्यक पूर्वाधार र आर्थिक उन्नति भरिपूर्ण हुँदाहुँदै पनि विकास हुन नसक्नुको कारण नै उत्पीडन भएको बताए । यादवले भने, 'हामी किन विकास गर्न सकिरहेका छैनौँ भने मुलुकमा जनजाति शोषणमा छन, दलित छुवाछुतको सिकार छन्, केही शासक वर्ग मोटाएका छन्, उनीहरुले भ्रष्टाचार गरेर मोटाएका छन्, यो समाप्त नभएसम्म मुलुक समृद्ध बन्न सक्दैन ।'

यादवले आफनो पार्टीको मूल लक्ष्य नै उत्पीडनमा परेका समुदायको अधिकार स्थापित गर्न भएकाले शासकहरुको तारो आफ्नो पार्टी बन्दै गए पनि कार्यकर्ताको आत्मविश्वासले पार्टीलाई अझ बलियो बनाएको बताए । उनले भने, 'अहिले देखिएको लुट्तन्त्र समाप्त गरेर समावेशी लोकतन्त्र स्थापना गरेर मुलुकलाई उन्नति र विभेदमुक्त बनाएर समृद्धिको बाटोमा लैजानु पर्नेछ ।'

अध्यक्ष यादवले जो पछाडि पारिएका छन्, उनीहरुलाई समेत अवसर र अधिकारमा समान रुपमा दिनुपर्नेमा जोड दिए । उनले सबैको सहभागिताले मात्रै समुन्नत राष्ट्रको परिकल्पना गर्न सकिने बताउँदै यसले मुलुकलाई समृद्ध बनाउने बताए । उनले आफूहरुको संघर्ष नै विभेद र असमानता हटाउनका लागि भएको बताउदै विभेद र असमानता रहेसम्म कुनै पनि मुलुकले विकास गर्न नसक्ने बताए ।

यादवले मधेशको जनताको बलिदानीबाट नै मुलुकमा समावेशी गणतन्त्र स्थापना भएको बताउँदै बलिदानीबाट आएको उपलब्धी रक्षा गर्ने दायित्वसमेत आफ्नो काँधमा रहेको बताए । उनले भने, 'मधेश आन्दोलन नभएको भए मधेशका जनताले यतिको संख्यामा बलिदानी नगरेको भए मुलुकमा समावेशी गणतन्त्रसमेत आउँदैन थियो ।'

## 'उपेन्द्रजीले खुट्टा कमाउनु भएन'



नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जनता समाजवादी पार्टी नेपाल चुनौतीका बीच उभिएको बताउँदै चुनौतीबाट नै अगाडि बढ्न सकिने बताए । उनले भने, 'चुनौती बीच जसरी उपेन्द्रजीले खुट्टा कमाउनु भएन, त्यो नै सफलताको बाटो हो, विचार, मन र बाटो प्रष्ट छ भने गन्तव्यतिर जान सकिने छ ।'

जनताका सबै समस्या विभेद, आर्थिक असमानता समाप्त गर्दै समाजवाद स्थापना गर्ने संविधानमा नै लेखिएकाले सबै राजनीतिक दलहरु यसैको बाटोमा हिँडनुपर्नेमा उनले जोड दिए । उनले मधेशले नेपालको परिवर्तनमा महत्वपूर्ण योगदान रहेको कारण सबैलाई एकता भएर बहुजातीय, बहुभाषिक र बहुजातीय एकता कायम गरेर देश बनाउन सकिने बताए । उनले भने, 'महिलालाई विभेदबाट मुक्त गर्न सकियोस्, दलितलाई छुवाछुतबाट मुक्त गराउन सकियोस्, मुस्लिमलाई एक भएर लैजाने भन्नेमा सबै मिलेर एकजुट भएर अगाडि बढ्दै गर्व गर्न सकियोस् ।' नेपालले सम्पदाले भरिपूर्ण देश भएकाले सोहीअनुसार यसलाई अगाडि बढाएर पर्यटकीय विकासको आधार खडा गरेर समृद्धिको लक्ष्य हासिल गर्न सकिने बताए । उनले भने, 'हामी मिलेर अगाडि बढे जस्तोसुकै चुनौती सामना गर्न सकिन्छ ।' नेपालले विचार र गतव्य ठीक छ भने एकदिन सबै चुनौती समाधना गर्दै लक्ष्य प्राप्त गर्न सकिने बताए ।





**सीमावासीसँग सशस्त्र प्रहरी :** सिरहाको भगवानपुर गाउँपालिका वडा नम्बर ४ ठाडीमा 'सीमावासीसँग सशस्त्र प्रहरी' नामक पदयात्रा सिमानाकामा पैदल गस्ती गर्दै सशस्त्र प्रहरी । तस्बिर: लोकेन्द्रप्रसाद यादव/रासस

# अबैध मलखाद्यसहित चार मोटरसाइकल बरामद

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित प्रहरी गस्ती टोलीले चार थान भारतीय नम्बरको मोटरसाइकलसहित २२ बोरा अबैध भारतीय मल खाद बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय कटहरीयाबाट खटिएको गस्ती टोलीले कटहरीया नगरपालिका ९ स्थित भन्सार छली ल्याएको युरिया मलखाद २२ बोरासहित चार थान मोटरसाइकल बरामद गरेको हो । बिआर ३० एम ०८९६, बिआर ०६ सिबी ३३५६, बिआर ०५ ए क्यू ८६०५ र बिआर ३० डब्लु ७९७१ नम्बरको मोटरसाइकलमा लोडगरी लैजादै गरेको अवस्थामा प्रहरी टोलीलाई देखेपछि लोड मोटरसाइकल छाडी मानिस फरार भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् । चार थान मोटरसाइकल र मलखाद २२ बोरा गरी कुल चार लाख १८ हजार, सात सय रुपैयाँ मूल्याङ्कन गरी आवश्यक कारवाहीको लागि गौर भन्सार कार्यालयमा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# शिक्षाको गुणस्तर सुधार्न ठोरीमा अन्तरक्रिया



**मधेशदृष्टि**
**वीरगंज ।**
सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर सुधार्न ठोरी गाउँपालिकामा सरोकारवालाहरुको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । शैक्षिक सुधारका निमित्त पालिकाले सोमबार ठोरीका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष एवम् शिक्षक अभिभावक संघका अध्यक्षहरुसँग शैक्षिक सुधारको सवालमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख भुपाल कुमार जोशीले जानकारी दिए । कार्यक्रममा सहभागीहरुले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको निमित्त स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, अभिभावक र शिक्षक सबै पक्ष जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गरेका थिए ।

राज्यको शिक्षामा लगानी बर्सेनि बढ्दै गएको तर नतिजामा सुधार नहुँदा चिन्ता थपिएको सहभागीहरुको धारणा थियो । ठोरी– ४ का वडाध्यक्ष मान बहादुर थिङ्कको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा ठोरीका २१ वटै सामुदायिक विद्यालयका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत




**गण्डकी ।**
गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई विश्वासको मत प्राप्त भएको छ । गण्डकी प्रदेशसभाको सोमबारको बैठकमा मुख्यमन्त्री पाण्डेले विश्वासको मतसम्बन्धी राखेको प्रस्ताव सभाको बहुमतले पारित गरेको हो । मुख्यमन्त्रीले राखेको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा ३१ र विपक्षमा २८ मत परेको छ । प्रस्तावको पक्षमा नेपाली कांग्रेसका २७, राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई, स्वतन्त्र प्रदेशसभा सदस्य एक र प्रदेशसभा सदस्य फणीन्द्र देवकोटाको मत परेको थियो भने विपक्षमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २२ र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का छ प्रदेशसभा सदस्यको मत परेको थियो । विश्वासको पक्षमा मतदान गर्नुभएका देबकोटा बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीको प्रदेशसभा सदस्य हुन् । उनी गत प्रदेशसभा सदस्यको निर्वाचनमा माओवादी केन्द्रको चुनाव चिन्ह लिएर निर्वाचित भएका थिए । देवकोटाले विश्वासको मतका पक्षमा मतदान गरेपछि गरेपछि प्रदेशसभामा एमाले र माओवादी केन्द्रका सदस्यले नाराबाजी गरेका थिए । रासस

# सेञ्चुरी बैंकका तत्कालीन अध्यक्ष श्रेष्ठसहित नौ जना पक्राउ



**काठमाडौँ ।**
केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) को टोलीले ठगी मुद्दामा अनुसन्धानका लागि सेञ्चुरी बैंकका तत्कालीन अध्यक्ष राजेश श्रेष्ठसहित नौजनालाई पक्राउ गरेको छ । ठगी मुद्दामा अनुसन्धानका लागि तत्कालीन अध्यक्ष राजेश श्रेष्ठ, सुनिलकुमार न्यौपाने, प्राडा गीता प्रधान, रमेशकुमार निरौला, रणबहादुर श्रेष्ठ, राजेशकुमार दली, उमाकुमारी श्रेष्ठ, शिवगोपाल रिसाल तथा अभिषेक बज्राचार्यलाई पक्राउ गरिएको सीआइबीका प्रवक्ता एवं प्रहरी उपरीक्षक होबिन्द्र बोटगीले जानकारी दिए । उनले भने, 'ठगीको मुद्दामा अनुसन्धानका लागि सेञ्चुरी बैंकका नौजना पक्राउ परेका छन्, अभिषेक बज्राचार्यलाई सुनसरीबाट आज पक्राउ गरिएको हो ।' यसअघि कमसल धितोमा बढी कर्जा प्रवाह गरेको आरोपमा गत फागुन १५ गते सेञ्चुरी बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोज न्यौपाने र तुलसी गौतमसहितका अन्य कर्मचारी पक्राउ परेका थिए ।

सेञ्चुरी बैंकमा रहँदा कमसल धितोमा दुई अर्ब ११ करोड ६५ लाख ५५ हजार रुपैयाँ कर्जा प्रवाह गरेको सिआइबीको अनुसन्धानले देखाएको छ ।

उक्त ऋण धितोभन्दा ९७ करोड ४१ लाख ७० हजार ७७२ रुपैयाँले बढी पाइएको सीआइबीको दाबी छ । बयानपछि पक्राउ परेका सबै गत चैतमा हाजिर जमानीमा छुटेका थिए । हाल सेञ्चुरी बैंक प्रभु बैंकमा गाभिइसकेको छ । देउराली बहुउद्देशीय सहकारी संस्था लिमिटेडका अध्यक्ष रवीन्द्र चौलागाईंको योजना र मिलेमतोमा सेञ्चुरी बैंकका तत्कालीन चिफ क्रेडिट अफिसर राजेश भण्डारी, तत्कालीन सिइओ न्यौपाने, त्यसअघिका सिइओ गौतमलगायतका व्यक्तिले कमिसन लिई कम धितो राखेर बढी ऋण प्रवाह गरी बैंकलाई हानी नोक्सानी पु¥याएको आरोप छ ।

बचतकर्ताको सात अर्ब रुपैयाँ हिनामिनाको आरोप लागेका देउरालीका अध्यक्ष चौलागाईं अहिले प्रहरी हिरासतमा रहेका छन् । देउराली सहकारी र रवीन्द्र चौलागाईंका विभिन्न कम्पनीलाई कमसल धितोकै आधारमा बैंकबाट कर्जा प्रवाह गरी घोटाला गरेको उनीहरुमाथि आरोप लागेको छ । रासस

# एसइईको नतिजा असार दोस्रो साताभित्र

**भक्तपुर ।**
राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यसवर्षको माध्यामिक शिक्षा परीक्षा (एसइई)को नतिजा असार दोस्रो साताभित्र सार्वजनिक गर्ने गरी काम भइरहेको जनाएको छ ।

सोमबार रासससँग कुरा गर्दै परीक्षा नियन्त्रक नन्दलाल पौडेलले कार्यालयले तयार पारेको कार्ययोजनाअनुसार उत्तरपुस्तिका परीक्षण र अङ्कभार प्रविष्ट गराउने काम सकिएको जानकारी दिए । उनले कार्ययोजनाअनुसार काम भइरहेकाले असार दोस्रो साताभित्र नतिजा सार्वजनिक गर्ने गरी अन्य काम तीव्र गतिमा भइरहेका बताए । 'हामीले उत्तरपुस्तीका परीक्षण र अङ्क अभिलेखको काम सकेका छौँ । प्राविधिक त्रुटि नदेखिए केही दिन अगाडि नै नतिजा प्रकाशित गर्न र कुनै समस्या भए दोस्रो साताभन्दा पर नजाने गरी काम भइरहेको छ । कर्मचारीका विभिन्न समूह बनाएर काम भइरहेकाले निर्धारित समयमै नतिजा सार्वजनिक गर्छौँ' उनले भने । उनले ५२ वटा परीक्षण केन्द्रमा उत्तरपुस्तिका परीक्षण गरिएको जानकारीसमेत दिए ।

गतवर्ष असार २४ मा एसइईको नतिजा सार्वजनिक गरेको बोर्डले यसवर्ष १४ दिन अगावै नतिजा सार्वजनिक गर्ने गरी तयारी गरेको भन्दै परीक्षा नियन्त्रक पौडेलले यसवर्ष सैद्धान्तिक र प्रयोगात्मकलाई फरक गरेर सार्वजनिक गरिने बताए ।

यसवर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिक तर्फ ७५ अङ्कको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अङ्क अनिवार्य ल्याउनै पर्ने अन्यथा फेल भए सरह मानिने बताए ।

गत चैत १५ गतेदेखि शुरु भएको यसवर्षको परीक्षामा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थीले परीक्षा दिएका छन् । रासस

# जनता र देशहितका लागि दलीय स्वार्थबाट माथि उठेर बहस गरौँः उपसभामुख

**काठमाडौँ ।**
उपसभामुख इन्दिरा रानाले संसद्मा हुने छलफललाई जनताले नजिकबाट नियाली रहेकाले व्यक्ति, परिवार र दलीय स्वार्थबाट माथि उठेर बहस गर्नुपर्ने धारणा व्यक्त गरेकी छन् । सङ्घीय संसद् मानव संसाधन विकास महाशाखाद्वारा सोमबार यहाँ आयोजित संसदीय प्रभावकारिता सम्बन्धमा पूर्वसांसद मञ्चसँगको अन्तरक्रियामा उनले सविधानको मर्म र भावनाअनुरुप समानता, समावेशी र विविधतालाई पनि सबैले आत्मसात् गर्नुपर्ने खाँचो औँल्याइन् । उपसभामुख रानाले भनिन्, 'पूर्वसांसदका अनुभव, विज्ञता र ज्ञानको विश्वविद्यालय भएकाले उहाँहरुको सुझावका आधारमा संसद्लाई जनताको बहसको थलो बनाउनुपर्छ ।'

पूर्वसांसद शिवजी यादवले सांसद भनेको व्यक्ति मात्र नभई संस्था भएकाले उसको पहिचान र मर्यादाका लागि अध्ययन र अनुसन्धान गर्ने सचिवालयको खाँचो रहने बताए । पूर्वसांसद विष्णुबहादुर राउतले सबै विधायकको ऊर्जालाई जनता र राष्ट्रको हितमा लगाउन निर्वाचन क्षेत्र, जिल्ला र राष्ट्रका समसामयिक विषय निरन्तर उठाउनुपर्नेमा जोड दिए । पूर्वसासद धना खतिवडाले सांसदलाई उद्योगी तथा व्यापारी जस्तो धनी बन्नेतर्फ नभई जनता र देशप्रतिको दायित्व निर्वाहका लागि कोसिस गर्न सुझाव दिए ।

विषय विज्ञका रुपमा संविधानसभा सदस्य खिमलाल देवकोटाले स्वार्थ बाझिने, भ्रष्टाचार बढाउने र मुलुकलाई चुनौती खडा गर्नेजस्ता काममा सांसद लाग्न नहुने बताए । उनले भने, 'संसद्ले नै सरकार चलाउने र नियन्त्रण गर्ने हो, लोकतान्त्रिक शासन प्रणालीमा सरकारले संसद्लाई खुम्च्याउन सक्दैन । त्यसका लागि संसद् र सांसद प्रभावकारी बन्नुपर्छ ।'

कार्यक्रममा सांसदहरु प्रेम सुवाल, सीता मिजार, शिव नेपाली, नारायणी शर्मा, रोशन कार्की, पूर्वसांसद अजय द्रूवेदीलगायतले संसद् सरकारको नियन्त्रणमा रहेको तथा सदनमा उठाइएको विषय सम्बोधन नभएको भनी असन्तुष्टि प्रकट गरे ।

उनीहरुले संसद् र सांसदको मुख्य जिम्मेवारी बजेट स्वीकृति, संसदीय खबरदारी, नीति र विधि निर्माण तथा अनुगमन नियन्त्रण भएपनि अझै पनि मूल विषयमै अलमलमा परेको धारणा राखे । सङ्घीय संसद् सचिवालयका सचिव सुदर्शन खड्काले जनताका सर्वोच्च जनप्रतिनिधिमूलक संस्था संसद्लाई प्रभावकारी र जनउत्तरदायी तुल्याउन सांसदमा अध्ययनशिलता र धैर्यताको खाँचो औँल्याए । उनले भने, 'जनप्रतिनिधिका रुपमा संसद्मा आएका विधायक मुख्यरुपमा कानुन निर्माणको भूमिकामा रहनुपर्ने भएकाले कसैको पक्ष, विपक्ष नभई निष्पक्ष भएर काम गर्नुपर्छ ।' रासस

# राजनीतिक स्थिरताका लागि सोच्नुपर्ने बेला आयोः कोइराला



**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले राजनीतिक स्थिरताका लागि लोकतन्त्रवादीहरुले सोच्नुपर्ने बेला आएको बताएका छन् । नेपाली कांग्रेसका पूर्वउपसभापति, पूर्वउपप्रधानमन्त्री, प्रजातान्त्रिक योद्धा शैलजा आचार्यको १५औँ स्मृति दिवसका अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा उनले पटक–पटक सरकार फेरिने प्रवृत्तिले मुलुकको निरन्तर विकासमा समस्या भएको बताए । 'जहाँ राजनीतिक स्थिरता हुँदैन, त्यहाँ विकास पनि हुन सक्दैन, राजनीतिक स्थिरताका लागि लोकतन्त्रवादीहरुले सोच्नुपर्ने बेला आएको छ, अहिले राजनीतिक स्थायित्व छैन, आर्थिक विकास हुन सक्ने अवस्थामा छैन, सुशासन दिने अवस्था छैन' उनले भने ।

नेता डा कोइरालाले विपी कोइराला र शैलजा आचार्यलाई सम्झेर काम गरेर अगाडि बढेमात्र कांग्रेसलाई पुरानो अवस्थामा फर्काउन सकिने बताए । उनले आचार्य साहसीक व्यक्तित्वको धनी भएको उल्लेख गरे । त्यस अवसरमा कांग्रेस नेता डा शशाङ्क कोइरालाले पार्टीभित्र हिम्मत र साहसी महिला नेत्री शैलजा आचार्य भएको बताए । उनले देश विकासका लागि स्व आचार्यको योगदान महत्वपूर्ण भएको उल्लेख गरे । पार्टीभित्र शैलजा आचार्यको योगदानलाई जुन तरिकाले सम्बोधन गर्नुपर्ने हो त्यो हुन नसकेको उनको भनाइ थियो ।

कांग्रेस नेता डा मीनेन्द्र रिजालले पार्टीलाई एकतावद्ध बनाएर अगाडि बढाउनका लागि शैलजा आचार्यको महत्वपूर्ण योगदान रहेको उल्लेख गरे । पूर्वमन्त्री डा रिजालले सबैसँग उत्तिकै सम्बन्ध राख्न सक्ने निडर महिला नेत्री शैलजा भएको बताए । पार्टीलाई एकतावद्ध बनाएर अगाडि लैजानका लागि शैलजाले गरेको योगदान अविस्मरणीय रहेको डा रिजालले बताए । कांग्रेस नेता एवम् पूर्वमन्त्री महेश आचार्यले विपी कोइरालाको विचारलाई आम जनमानसमा पुऱ्याउन शैलजाको महत्वपूर्ण भूमिका रहेको स्मरण गरे । विपी विचारको उत्तराधिकारीका रुपमा शैलजालाई लिनुपर्ने उनको भनाइ थियो । उनले कांग्रेसमा नीति, नेतृत्व र नैतिकताको सङ्कट देखिन थालेको उल्लेख गरे । नेपाल सरकारका पूर्वमुख्यसचिव डा विमल कोइरालाले निष्ठा, इमान र लगनको त्रिवेणी शैलजा आचार्यमा भएको बताए ।

'शैलजा आचार्य जलस्रोत मन्त्री हुँदा साना जलविद्युत् आयोजनालाई अगाडि बढाउने नीति लिनुभएको थियो, जसका कारण अहिले हामीले जलविद्युत्मा फड्को मार्न सकेका छौँ', उनले भने । शैलजा आचार्य आदर्श समाजकी अध्यक्ष दुर्गा घिमिरेले शैलजा आचार्यको निष्ठा र आदर्शलाई देशव्यापी रुपमा फैलाउन आवश्यक रहेको उल्लेख गरिन् । शैलजा आचार्य स्मृति पोलिक्लिनिक कलेजका प्राचार्य सन्तबहादुर अधिकारीले शैलजा आचार्यको सम्झनामा ग्रामीण भेगमा सीपमुलक तालिम प्रदान गरी आयआर्जनसँग जोड्दै अगाडि बढ्दै गएको बताए । रासस

# गाउँपालिका अध्यक्ष र उपाध्यक्षसहित १४ जनाविरुद्ध मुद्दा दायर

**मधेशदृष्टि**
**वीरगंज ।**
सिरहा नवराजपुर गाउँपालिकाका तत्कालीन अध्यक्ष विश्वमोहनप्रसाद यादव, उपाध्यक्ष शोभाकुमारी यादव, प्रमुख प्रशासकीय अधिकृतसमेत १४ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ । मधेश प्रदेश सरकारको सांसद् अनुदानबाट रामजाकी दलित आधारभूत विद्यालय मझौरामा अधुरो काम पूरा गर्नका लागि दिएको रकमबाट कुनै पनि काम नगरी हिनामिना गरेको पाइएकाले उनीहरु विरुद्ध सोमबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । आयोगले तत्कालीन अध्यक्ष, उपाध्यक्षसहित प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियत, लेखापाल सोमप्रसाद आचार्य, इञ्जिनियर कृष्णा साह र सव–इञ्जिनियर सन्तोषकुमार यादवविरुद्ध १४ लाख ५१ हजार पाँच सय ५१ रुपैयाँ बराबरको बिगो दाबी गरेको छ । उपभोक्ता समितिका अध्यक्ष लक्ष्मीनारायण मुखिया, कोषाध्यक्ष घुरनीदेवी मण्डल र सचिव रामभरोस मुखिया मलाहविरुद्ध पनि समान बिगो दाबी गरिएको छ । आयोगले गाउँपालिकाका तत्कालीन योजना शाखा प्रमुख रमेशकुमार निधि, तत्कालीन जिन्सी प्रमुख सञ्जयप्रसाद यादव, वडा नम्बर ४ का वडा तत्कालीन अध्यक्ष मदन यादव, वडा नम्बर ५ का तत्कालीन अध्यक्ष मनोजकुमार यादव र वडा नम्बर २ का तत्कालीन अध्यक्ष खुसीलाल साहविरुद्ध पनि समान बिगो, कैद र जरिवाना समेत माग गरी मुद्दा दायर गरेको छ ।

# बिहानको १०:३० बजेभित्रै पठनपाठन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले अत्यधिक गर्मी बढेसँगै बिहानको १०:३० बजेभित्रै पठनपाठन सकाउन सामुदायिक तथा निजी विद्यालयलाई निर्देशन दिएको छ । महानगरको आइतबार बसेको बैठकले गर्मी बढेसँगै सोमबारदेखि विद्यालयको पठनपाठन सीमित अवधिमा मात्रै गर्न निर्देशन दिएको हो । वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले तराई मधेश क्षेत्रमा गर्मी बढिरहेको र अझै केही दिन गर्मी बढ्न सक्ने मौसम विभागको पूर्वानुमानलाई मध्यनजर र बालबालिकाको स्वास्थ्यलाई ख्याल गर्दै बिहानीको समयमा कक्षा सञ्चालनको समयावधिलाई कम हुने गरी पठनपाठन गराउन निर्देशन दिएको बताए । महानगरभित्र सामुदायिकतर्फ ९२ वटा र निजीतर्फ १३८ विद्यालय छन् । सामुदायिक विद्यालयतर्फ २१ माध्यमिक, १५ आधारभूत, ५५ वटा प्राथमिक विद्यालय र एउटा पूर्वप्राथमिक विद्यालय रहेको छ ।

# अज्ञात समूहको गोली प्रहारबाट युवक घाइते

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको गौशालामा मोटरसाईकलमा सवार अज्ञात दुई जनाको समूहले चलाएको गोलीबाट एक जना घाइते भएका छन् । सोमबार साँझ ६ बजे गौशालाको मरहा खोला नजिक मोटरसाईकलमा सवार दुई अपरिचित व्यक्तिको गोली प्रहारले गर्दा गौशाला नगरपालिका ११ का ३२ वर्षीय विनय कुमार महतो घाइते भएका छन् । घाइते भएका विनयको ढाढमा गोली लागेको छ गम्भीर घाइते भएका महतोलाई उपचारका लागि जनकपुर लगिएको छ । यता घटना को सूक्ष्म अनुसन्धान भईरहेको र गोली चलाउने अपरिचित दुई जनाको खोजतलासका लागि प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक सन्तु प्रसाद जैसवारले जानकारी दिए । घटना स्थलमा २ राउन्ड गोलीको खोका र दुई राउन्ड गोली बरामद भएको छ ।

# फरार उपसचिवद्वारा आत्मसमर्पण

**मधेशदृष्टि**
**वीरगंज ।**
जबर्जस्ती करणी अभियोगमा फरार भएका मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत उपसचिव रुपेशकुमार साहले प्रहरीसमक्ष आत्मसमर्पण गरेका छन् । साहले गत शनिबार नै धनुषा प्रहरीमा आत्मसमर्पण गरेको प्रहरीले जनाएको छ । गत माघ १८ गते साहले मधेश भवनभित्र रहेको सरकारी कर्मचारी क्वाटरमा राति साढे १० बजेतिर 'भगवानको प्रसाद' भन्दै पेडामा नशालु पदार्थ मिसाएर खान दिएर बेहोस बनाई महिलालाई बलात्कार गरेको आरोप छ । पीडित महिलाले गत वैशाख पहिलो साता आफूलाई बेहोस बनाएर बलात्कार गरेको भन्दै प्रहीमा जाहेरी दिएकी थिइन् । जाहेरीपछि धनुषा जिल्ला अदालतबाट साहविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो । त्यसयता उनी फरार भएका थिए । सिराहाको बरियारपटी गाउँपालिका–४ तेनुवापट्टी निवासी साह आत्मसमर्पण गरेपछि प्रहरीले अनुसन्धान प्रक्रिया अघि बढाएको छ । साहले पीडितका श्रीमान् नभएको मौका पारेर राति कोठामा गएर नशालु पदार्थ मिसिएको पेडा दिएका थिए ।

# लागुऔषधसहित दुई जना पक्राउ




**सञ्जय मिश्रा**
**रौतहट ।**
बाराका दुई जना युवकलाई ठूलो परिमाणमा लागु औषधसहित भारतीय सीमा सुरक्षा बल एसएसबीले पक्राउ गरेको छ । भारत बिहार मोतीहारी जिल्ला एसएसबी क्याम्प जमुनियाका गस्ती टोलीले पिठवा गाउँ छेउ ३५७ नम्बर पिल्लर (सीमा स्तम्भ) नजिकैबाट लागु औषधसहित एक जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा बारा सिम्रौनगढ नगरपालिका ८ ककोर्वाका २५ वर्षीय ईरफान खान रहेको एसएसबिले जनाएको छ । भारत घोडासहन बजारबाट भारु ४८ हजार रुपैयाँको विभिन्न किसिमका लागु औषध इंजेक्सन, ट्याब्लेट र सिरप मोटरसाईकलमा राखेर ककोर्वा गाउँतर्फ जानेक्रममा ईरफानलाई एसएसबीको टोलीले पक्राउ गरेको थियो । घोडासाहन बजारबाट लगेर सिम्रौनगढ नगरपालिका बाँसवरीया गाउँमा राजु यादव र उनको भाई कञ्चन यादवको घरमा स्टक गरेर बिस्तारै कलैया, नीजगढ, हेटौंडादेखि काठमाडौंसम्म पुर्याउने गरेको इरफानले बताएको एसएसबीले जनाएको छ । ईर्फानलाई बरामद लागु औषध र मोटरसाइकलसहित आवश्यक कारवाहीको लागि झरौखर थानामा बुझाइएको एसएसबी क्याम्प जमुनियाले जनाएको छ । यसैबीच ईरफानको बयानको आधारमा घोडासहनबाट आफ्नो घर बारा सिरौनगढ बाँसवरीया तर्फ जाँदै गरेको राजु यादवलाई झरौखर थानाको टोलीले नियन्त्रणमा लिएको मोतीहारी जिल्लाका एसपी कान्तेश कुमार मिश्रले पुष्टी गरेका छन् । लागुऔषध कारोवारी दुवै जना आरोपी जिल्ला प्रहरी कार्यालय मोतीहारीको नियन्त्रणमा रहेको तथा थप अनुसन्धान भइरहेको एसपी मिश्रले जानकारी दिए ।

# मौलापुर र फतुवा विजयपुरले नगरवासीको विद्युत् महशुल बुझायो




**मधेशदृष्टि**
**रौतहट ।**
मौलापुरमा जनताले बुझाउने विद्युत् महसुलको तेश्रो किस्ता बापत ४५ लाख २६ हजार रकम नगरपालिकाले विद्युत् प्राधिकरणलाई बुझाएको छ । सोमबार नगरप्रमुख रीना कुमारी साहले विद्युत् शाखाको प्रमुख दिनेश यादवलाई नगद चेक हस्तान्तरण गरेकी हुन् । मौलापुर नगरपालिकाले 'फ्री बिजुली, फ्री पानी' कार्यक्रम सञ्चालन गर्दै आएको छ । झन्डै ५ वर्षदेखि जनताको घरायसी मिटर र कृषि मिटरको सम्पूर्ण रकम नगरपालिकाले तिर्दै आएको छ । यो चालु आर्थिक वर्षमा मात्रै कुल ३ करोड ४३ लाख ५० हजार रकम बुझाई सकेको साहले जानकारी दिइन् । यसैगरी फतुवाविजयपुर नगरपालिकामा निः शुल्क विद्युत गरिएको छ । नगरपालिकाले आम नागरिकको विधुत महसुल बापत २ करोड ७५ लाखभन्दा बढी रुपैया नेपाल विद्युत प्राधिकरण मौलापुर शाखामा बुझाएको छ । कार्यवाहक मेयर अम्बेया खातुनको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत वकिल पालसहित जनप्रतिनिधि र विभिन्न दलका नेता सम्मिलित टोलीले प्राधिकरण प्रमुख दिनेश कुमार यादवलाई नगरवासीको विधुत महशुल बापतको चेक हस्तानतरण गरेको हो ।

# जटिल रोगको निःशुल्क उपचारबारे छलफल

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया अस्पतालमा विभिन्न जटिल समस्याबाट ग्रसित बिरामीहरुको निःशुल्क उपचारबारे सरोकारवाला निकायबीच छलफल भएको छ । मेडिसिटी अस्पताल काठमाडौंको सहकार्यमा जटिल समस्याबाट ग्रसित बिरामीहरुको निःशुल्क उपचारबारे सोमबार सरोकारवाला निकायबीच छलफल भएको हो । उक्त विषयमा पोखरिया अस्पताल व्यवस्थापन समिति अध्यक्ष तथा पोखरिया नगरपालिकाका नगर प्रमुख प्रद्युम्न प्रसाद चौहान, पोखरिया अस्पतालको मेडिकल सुप्रिटेण्डेड डा. अनिल यादव र मेडिसिटी अस्पताल काठमाडौंको डायरेक्टर विजय रिमालसँग पोखरिया अस्पतालमा एक कार्यक्रमकाबीच छलफल भएको हो । छलफलमा मेडिसिटी अस्पताल काठमाडौंका डायरेक्टर विजय रिमालले गाउँमा स्क्रीनिंग गरेका बिरामीको पैसाको अभावमा अल्पायुमै ज्यान गुमाउनुपर्ने बाध्यतालाई सहजीकरण गरी पोखरिया अस्पतालमै जटिल भन्दा जटिल समस्याबाट ग्रसित बिरामीको निःशुल्क उपचार गरिने बताए । पोखरिया अस्पतालको सभाहलमा भएको छलफल तथा अन्तरक्रियामा बयोधा अस्पताल वीरगंजका डा. विष्णु पटेल, डा विश्वनाथ कण्ठ, भुवन आलम र वडा नम्बर ४ का वडा अध्यक्ष लक्ष्मण साह कानू, पोखरिया अस्पताल प्रशासनका लक्ष्मी प्रसाद चौहान, बृजेश दुवेदीलगायत सरोकारवालाहरु सहभागिता थियो ।

# दश दिनमा ६ लाख राजश्व संकलन

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट ट्राफिक प्रहरी कार्यालयका प्रमुख इन्स्पेक्टर सुशील आचार्यको सक्रियताले ट्राफिक नियम विपरित चलेका सवारी साधनलाई कारबाही गरी दश दिनभित्र ६ लाख रुपैयाँ भन्दा बढी राजश्व संकलन गरेको छ । यही जेठ १७ गतेदेखि २७ गतेसम्म जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट गरिएको चेकजाँचको क्रममा सवारी नियम उल्लंघन गर्ने ५३३ जना सवारी चालकहरुलाई सवारी नियम अनुसार कारवाही गरी ६ लाख १४ हजार रुपैयाँ राजश्व संकलन गरेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रिगाहपुरका प्रमुख इन्स्पेक्टर सुशील आचार्यको निर्देशनमा सदरमुकाम गौर, गरुडा, चन्द्रपुर, बागमती, कटहरियासँगै ग्रामीण क्षेत्रमा समेत ट्राफिक प्रहरी परिचालन गरेपछि सवारी दुर्घटनामा कमी आउनुका साथै नियम विपरीत चल्ने सवारी धनीलाई कारवाहीको दायरामा ल्याइएको प्रहरीले जनाएको छ ।


## घरेलु हिंसा दण्डनीय अपराध हो ।

**घरेलु सम्बन्ध भएको परिवारका एक सदस्यले सोहि परिवारको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक हिंसालाई घरेलु हिंसा भन्दछन् ।**

- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने पीडित वा जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्दछ ।
- यस्तो कसूर भएमा कसुर गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने हुन्छ ।
- घरेलु हिंसा कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ब्यवस्था मिलाइएको छ ।
- यसका साथै घरेलु हिंसाका पीडितलाई जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता सेवा उपलब्ध हुन्छ भने जिल्ला अदालतबाट निशुल्क वकिलको पनि व्यवस्था गरिएको छ ।



नेपालको कानुनले निम्न ४ प्रकारको घरेलु हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ ।

१) शारीरिक यातनाः कुटपिट गर्ने गैर कानुनी रुपमा थुनामा राख्ने, शारीरिक चोट पुर्‍याउने तेजाव वा त्यस्तै अन्य कुनै पदार्थ छर्किई वा सो पदार्थले पोली डामी, दली, घसी जीउमा पिडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य पर्दछ ।

२) मानसिक यातना : डरधाक देखाउने वा धम्की दिने त्रासपूर्ण व्यवहार गर्ने गाली गलौज गर्ने झुठा कुरा लगाउने, घरबाट निकाला गर्ने वैचारिक धार्मिक, सांस्कृतिक, प्रथा परम्पराका आधारमा भेदभाव गर्ने रूपरंग शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक संतुलन गुमाउने वा आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्माहत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्फनु पर्छ र सो शब्दले वा मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेत जनाउँछ ।

३) यौनजन्य यातना : महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुर्‍याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य भनेकाले यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोहि अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरू महिलामाथि हुने यौनजन्य यातना हुन् ।

४) आर्थिक यातना : महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचबिखन गर्दा महिलाको सहमती नलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुँचँ नहुनु जस्ता कार्य पर्दछन् । आर्थिक यातना शब्दले महिलाको हकमा दाईजो माग गर्ने दाईजो ल्याउन दवाव दिने वा दाईजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

सहयोगका लागि उजुरि गर्ने निकायहरू :
- प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग :
- स्थानीय निकाय
- नगरपालिका/गाउँपालिका (उपमेयर/उपप्रमुख), वडा कार्यालय,

समस्या परेमा सहजै खबर गर्न सकिने नम्बरहरू
- लैङ्गिक हिंसा हेल्पलाइन (राष्ट्रिय महिला आयोग) :११४५
- प्रहरी कार्यालय : १००
- बाल हेल्पलाइन (बालबालिकामाथि हुने हिंसाका लागि) : १०९८

जनहितमा जारी सन्देश
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
मधेश प्रदेश, जनकपुरधाम

*पुस्तकहरू विनाको कोठा आत्मा विनाको शरीर जस्तै हुन्छ ।*
*– सिसेरो*

## सम्पादकीय

# संघीयता सिध्याउने खेल रोक !

*सबै प्रदेशका सरकारहरू 'उथलपुथल'को सिकार भएका छन् । कोशी, गण्डकी, शुदूरपश्चिम प्रदेशमा भइरहेका खेलहरुले जनतामा संघीयता प्रति वितृष्णा पैदा गरिरहेको छ । मधेश प्रदेशलाई संघीयताको जननी मानिन्छ । संघीयतालाई विकृत बनाएर यसलाई सिध्याउन विभिन्न चलखेल भइरहेका छन् । संघीयता खर्चिलो भयो भनेर धेरैको स्वर सुन्न थालिसकेको छ । केन्द्रमा सरकार बदलिएसँगै त्यसको पराकम्प पनि प्रदेश सरकारमा पर्ने गरेको छ । संघ र प्रदेशमा सरकारको उथलपुथलले संघीयता प्रति जनताको विश्वास घट्दै गइरहेको छ । सुदूरपश्चिममा त सरकार हटाउने चक्करमा एउटा पार्टी र परिवार नै विखण्डनको संघारमा पुगेको छ । कार्यकारी प्रमुखले नै आफूलाई सगर्व 'उथलपुथलकारी' घोषणा गरेको देशमा सबै क्षेत्रमा अस्थिरता र अराजकता हुनु अस्वाभाविक होइन । राजनीति त झन् त्यसको अपवाद हुने कुरै भएन । केन्द्रमा डेड वर्षमा तीनपटक गठबन्धन फेरियो । संसदीय पद्धतिमा अनुचित भए पनि यो प्रवृत्ति अस्वाभाविक होइन । तर, संघमा गठबन्धन बदलिएपिच्छे प्रदेशहरूमा सरकार बदल्नु भने संघीयताको मर्मविपरीत हो । कुनै पनि प्रदेशमा एउटै दलको बहुमत छैन । सरकार चलाउन संघ वा प्रदेशको संसद्को बहुमत चाहिने भएकाले गठबन्धन अनिवार्यजस्तो हुन्छ । यसो भन्दैमा प्रदेशहरूलाई संघकै 'सूर्यमुखी' बनाइनु पक्कै स्वस्थकर अभ्यास होइन । नेपाली राजनीतिक दलका नेताहरू भने जे गर्न नहुने हो त्यही गर्न रुचाउँछन् । राज्य सञ्चालन गर्न जनताले खटाएका दलका नेताहरू नै अराजकता र अव्यवस्था मच्चाउन उद्यत देखिन्छन् । नेताहरूले प्रदर्शन गरेको यही अराजक अभ्यासका कारण प्रदेश सरकारहरू सबै असफल देखिन पुगेका छन् । त्यसैको फलस्वरूप संघीय प्रणाली नै खराब हो धारणा समाजमा बढ्दै गएको छ । देशमा उथलपुथल गरिरहन संघीयता लागु गरिएको होइन । राज्यसत्तालाई जनताको नजिक पु¥याएर लोकतन्त्र बलियो बनाउन देशमा संघीय गणतन्त्र अपनाइएको हो । विडम्बना, प्रदेश सरकारकै नाममा संविधानको मर्ममा निरन्तर प्रहार भइरहेको छ । यसरी निरन्तर प्रहार गर्न थालेपछि संविधान कमजोर हुँदैगएर आफैँ समाप्त हुनपुग्छ । मूलतः तत्कालीन राजा ज्ञानेन्द्रले मर्ममा प्रहार गरेकै कारण २०४७ सालको संविधान असफल भएको हो । त्यसबाट सिक्नुको साटो नेताहरूले उथलपुथलकारी 'भस्मासुर प्रवृत्ति' अपनाउँदा अहिलेको संविधान पनि सङ्कटमा पर्न सक्छ । जनताले अस्वीकार गरे भने जस्तोसुकै व्यवस्था र बलियो सत्ता पनि सजिलै धुलोपीठो हुन्छ । अहिले जनताले बनाएको संविधान सहन नसक्नेहरू यसलाई असफल बनाउने दाउमा संघीयतामाथि प्रहार गर्दैछन् । यसैले संविधान जोगाउने हो भने संघीयताको छवि बिग्रन दिनु हुँदैन । संघमा जस्तो गठबन्धन भए पनि प्रदेशहरूमा हस्तक्षेप नगर्ने प्रतिबद्धता नेताहरूले देखाउनुपर्छ । प्रदेश सभाको सबैभन्दा ठूलो दलको नेतृत्वमा सरकार गठन गर्ने अभ्यास सुरु गर्ने हो भने अस्थिरताको अन्त्य गर्न सकिन्छ । संघीयताको मर्मअनुरूप प्रदेश सरकारमा हस्तक्षेप नगरी निश्चित् अभ्यास सुरु गर्ने मूल दायित्व नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले)का नेताहरूको हो । इतिहासले भारेभुरे दलका नेतालाई दोष दिनेछैन । कांग्रेस र एमाले मिलेर सरकार चलाउने वा ठूलो पार्टीलाई समर्थन गर्ने अभ्यास सुरु गरे भने हैसियतबिना 'च्याँखे थाप्रे'हरू बिस्तारै हराउँदै जानेछन् । यसको लाभ अन्ततः कांग्रेस र एमालेलाई नै त हुने हो ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# शैलजा दिदीको सम्झनामा



डा शोभाकर पराजुली



'जुन जाति तानाशाहका विरुद्ध लडेर आफ्नो मौलिक अधिकार लिन सक्दैन, ऊ कहिल्यै स्वतन्त्र रहन सक्दैन' क्रान्तिको यो सन्देशात्मक आह्वान शैलजा आचार्यको थियो। झन्डै ६५ वर्षअघि यो समाजमा एक महिलाको चित्र कस्तो थियो होला ? त्यो पनि आफूलाई 'सर्वशक्तिमान' ठानेका राजा महेन्द्रलाई 'कालो' झन्डा देखाउने महिला । आजको पुस्तालाई त्यो बिम्ब मात्रै एउटा आदिम 'स्केच' लाग्नसक्छ। तर त्यो समाजमा शैलजा जस्ता धेरै क्रान्तिकारी महिला पनि थिए, जसले नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि आफूलाई जीवनभरि समर्पण गरे । नेपालको प्रजातान्त्रिक आन्दोलन अनि राजनीतिको यो पातालबाट शैजला 'दिदी' बिदा भएको पनि लगभग १४ वर्ष भइसकेको छ। उहाँ आफूले बाँचेको सबै जीवन भने यही पुस्ताको प्रजातान्त्रिक अधिकारको लडाइँमा बिताउनुभयो। नेपालमा परिवर्तनका लागि भएका हरेक लडाइँमा धेरै त्यस्ता योद्धाहरूको जन्म भयो, जसको समर्पण अनि त्याग र बलिदानको परिणाम हामी आजको जीवन बाँचिरहेका छौँ । ती धरोहरमध्येमा पनि शैलजा अझ अग्लो र नेपाली राजनीतिको एउटा सग्लो सजीव चित्र हुनुहुन्छ। उहाँले आफ्नो जिन्दगीभन्दा धेरै प्रजातन्त्रका लागि सङ्घर्षमा आफूलाई समाहित गर्नुभयो। स्व बिपी र गिरिजाप्रसाद कोइरालाका पिता कृष्णप्रसाद कोइरालाले दुईवटा विवाह गर्नुभएको थियो। २००७ सालको क्रान्तिपछि प्रजातान्त्रिक सरकारका पहिलो प्रधानमन्त्री मातृकाप्रसाद कोइराला कृष्णप्रसादका दुईमध्ये जेठी पत्नी मोहनकुमारीको कोखमा जन्मिनुभएको थियो । २००१ वैशाख १६ गते मोहनकुमारीकै यही कोखमा जन्मिएकी इन्दिराकी छोरी हुन्ुहुन्छ शैलजा आचार्य । बिपी, तारिणी, केशव अनि गिरिजाप्रसाद कोइरालाहरू भने कृष्णप्रसादकी दोस्री श्रीमती दिब्या कोइरालाको कोखमा जन्मिनुभएको थियो । पूर्वी नेपालको यो परिवारकी एक हिस्सा भएका कारण शैलजाको कलिला उमेर राजनीतिको त्यही बगैँचामा हुर्कियो। बिपीसँग पारिवारिक साइनो (मामा–भाञ्जी) ले शैलजाको राजनीतिक जीवन अझ फक्रियो। र त जीवनभरि उहाँले बिपीको साथ छोडनु भएन । शिक्षादीक्षासँगै आएका राजनीतिक आरोह–अवरोहका कारण शैलजाको जीवन वैवाहिक मोडतिर गएन। बरु सधँै नेपालमा प्रजातन्त्र स्थापनार्थ उहाँले आफूलाई दौडाइरहनुभयो एउटा अथक योद्धा बनेर। विसं २०१७ पुस १ गते राजा महेन्द्रले प्रजातन्त्र खोसे। राणासँग जनताले गरेर फर्काएको प्रजातन्त्रलाई उहाँले १० वर्ष पनि राम्रोसँग बाँच्न दिएनन् । राणासँग लडेकाहरू फेरि राजाविरुद्ध लड्नुपर्ने अवस्था आयो। दिन महिनाहरू बित्दै थिए।

तत्कालीन क्रान्तिका अगुवा बिपी कोइरालाहरूले राजाको त्यो कदमविरुद्ध कसरी लड्ने भनेर लडाईंका कुनै रुपरेखाहरू कोरिसक्नु भएको थिएन। तर भित्रभित्रै राजाविरुद्ध जनमत भयङ्कर भइसकेको थियो। त्यही वर्षको फागुन ७ गते राजा महेन्द्र टुँडिखेलमा आउने कार्यक्रम थियो। राजा हेर्न धेरै मान्छे जम्मा भइसकेका थिए। सैनिक हेलिकोप्टरले फूलको वर्षा गरिरहेको थियो । एउटा कुनामा कालो सल ओढेका युवतीहरूको एउटा हूल थियो। सबैले उनीहरूलाई 'कन्या स्कूलका केटीहरू' भन्ने ठानेका थिए। तर जब राजा देखिए त्यो 'कन्या समूह'ले आफ्नो रुप देखाइहाल्यो। 'बिपीलाई जेलमुक्त गर' भन्दै राजालाई ती काला सलहरू देखाएर नारा लगाउनेहरूको सबैभन्दा अघि हुनुहुन्थ्यो, शैलजा आचार्य। त्यसमा अरू पनि नेताहरू मिसिएर 'प्रजातन्त्र र बिपी जिन्दावाद' भन्दै नारा लगाए। केहीबेरमै प्रहरीले उहाँलाई भ्यानमा कोच्यो। १६ वर्षकी शैलजा त्यसपछि तीन वर्ष जेलमै बस्नुप¥यो। पुस १ गते प्रजातन्त्र खोसेर महेन्द्रले बिपीहरूलाई पनि जेल हालेका थिए। त्यसपछि लामो समयसम्म उनी बिपीहरूसँगै भारतमा निर्वासित जीवन बिताउनुप¥यो। पढाइलेखाइ त छँदैथियो। त्यसका अलावा उहाँले बिपीको सानिध्यमै रहेर नेपालमा चलिरहेको पञ्चायतविरुद्धको आन्दोलनमा पनि जोडिइरनुभयो। पञ्चायतसँग लड्न नेपाली कांग्रेसले थालेको सशस्त्र क्रान्तिका लागि उहाँले भारतमै बसेर हातहतियारको जोहो पनि गर्नुभयो। त्यो बेला शैलजा नेपाली कांग्रेसको युथ लिगको अध्यक्ष पनि भइसक्नुभएको थियो। युवाहरूलाई सङ्गठित गरेर क्रान्तिमा होमिनका लागि २०२४ सालमा नेपाली कांग्रेसले बनाएको युथ लिगको उहाँ संस्थापक हुनुहुन्छ। जसले पञ्चायत विरोधी आन्दोलनलाई अझ उचाइमा पु¥याएको थियो। बिपी मात्रै नभएर सिङ्गो कोइराला पनि परिवार शैलजाको राजनीतिक विश्वविद्यालय नै थियो । आफूलाई नृत्यङ्गना बनाउने सपना देख्नुभएकी शैलजा एक योद्धा बनेर आफूलाई खारिरहनुभएको थियो। यो एउटा त्यस्तो विश्वविद्यालय बन्यो, जहाँ शैलजाहरूले आफ्ना निजी सपना र जिन्दगीका लक्ष्यहरूलाई मात्रै प्रजातन्त्रको लडाइँमा केन्द्रित गरे र जीवनभरि आफ्नो निजी जिन्दगी बाँच्नै सकेनन्। जति बाँचे ती सब समय देशको प्रजातन्त्र अनि जनताको समृद्धिका लागि सुम्पिदिए। विसं २०३३ मा 'मेलमिलाप'को नीति लिएर भारतबाट फर्किने बेला बिपीसँग शैलजा पनि साथै हुनुहुन्थ्यो। नेपाल आउनासाथ उहाँहरू फेरि गिरफ्तारीमा पर्नुभयो । पञ्चायतको त्यो अन्तिम दशकसम्म आइपुग्दा प्रजातन्त्रको लडाइँमा बिपी र शैलजाहरू मात्रै थिइनन्, बरु उनीहरूजस्ता धेरै योद्धाहरू जन्मिसकेका थिए। २०४६ सालको अन्तिम क्रान्ति त्यसकै परिणाम थियो। जहाँबाट नेपालमा फेरि प्रजातन्त्र उदायो। प्रजातन्त्रको त्यो दियोलाई त्यसपछिको कलुषित राजनीतिले भने चाँडै नै धिपधिपे बनाइदियो । प्रजातन्त्र बलियो हुन त्यसमा नागरिकको सन्तुष्टिको भाव पनि मिसिएको हुनुपर्छ । सत्तामा पुगेकाहरूले आफूलाई 'शासक' मात्रै ठान्ने हो भने प्रजातन्त्रको त्यो दियो त्यत्तिकै निभ्न थाल्छ। त्यसका प्रकाशहरू राजनीतिको त्यही अँध्यारो विलीन हुन्छ । विसं २०४८ मा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्नुभयो । त्यो मन्त्रिपरिषद्मा शैलजा कृषिमन्त्री हुनुभएको थियो। कृषिप्रधान देश भनिए पनि नेपाली किसानले खेतबारी जोत्ने र उब्जनीका लागि जहिल्यै सङ्घर्ष गर्नुप¥यो। त्यो बेला पनि किसानका खेतबारीमा मल पु¥याउन उत्तिकै सकस थियो अहिले पनि त्यस्तै छ। उहाँ चाहनुहुन्थ्यो किसानले समयमै मल बीउ पाउन्। साउन लागिसक्दासम्म पनि रोपाइँ गर्ने किसानको खेतमा मल पुगेको थिएन। भनौँ न नेपालमै मल थिएन।

सरकारका गोदाम रित्ता थिए तर मल ल्याउने संयन्त्र सुस्त थियो। शैलजा चाँडै मल भित्रियोस् भन्ने चाहनुहुन्थ्यो। तर सिंहदरबारमा बेरिएको कर्मचारीतन्त्रको जालोमा उहाँ यसरी बेरिनुभयो कि मल ल्याउने संयन्त्रसँग पुग्दा झन् अर्को भयङ्कर जालो देख्नुभयो। त्यो भनेको कमिसनको जालो थियो । कर्मचारीदेखि व्यापारीसम्ममै फैलिएको त्यही कमिसनको जालो थियो, जसले किसानका खेतबारीमा समयमै मल पु¥याउन रोकिरहेको थियो। नेपालमा रासायनिक मल अहिले पनि तेस्रो मुलुकबाट आउँछ। विसं २०४९ साउन ६ गते बसेको प्रतिनिधिसभाको बैठकमा कृषिमन्त्री शैलजाले भन्नुभएको थियो, 'कृषि मन्त्रालयमा कमिसनखोरहरूको जालो छ।' उहाँ चाहनुहुन्थ्यो कि यो विषयमा संसद्ले सरकारलाई आदेश गरोस् अनि मन्त्रालयमा किसानको हकअधिकार रोकिराखेको त्यो जालो तोड्न छानबिन होस् । कतिपय सत्यले आफैँलाई पोल्दारैछन्, शैलजाले त्यही भोग्नुभयो । छानिबिन हुनु त परैको कुरा उल्टो उहाँकै आलोचना हुन थाल्यो। गिरिजाप्रसाद कोइराला आफैँ प्रधानमन्त्री हुनुहुन्थ्यो र पार्टी सभापति पनि । तर पार्टीभित्र र बाहिर अनि सरकारमै समेत शैलजाको खुब आलोचना भयो। प्रतिपक्षले संसद्मा एउटा अर्को मसला पायो।

खासमा भ्रष्टाचार रोक्नका लागि उहाँले त्यसो भन्नुभएको थियो। अझ अर्को हृदयदेखि नै शैलजा चाहनुहन्थ्यो कि कोइरालाको विरासतले नेतृत्व गरेको सरकारमाथि भ्रष्टाचारको दाग नलागोस् । एउटा अग्लो, सग्लो अनि सङ्लो राजनीतिको इतिहास बनाएको पार्टीमाथि उहाँले त्यस्तो धब्बा कदापि लाग्न दिनुभएन। तर आफ्नैहरूको ब्यूहमा शैलजा पर्नुभयो। तथापि, उहाँले त्यो अभिव्यक्ति फिर्ता लिनुभएन । 'भ्रष्टाचारी'हरूसँग झुक्नुभएन । बरु उहाँले मन्त्री पदबाटै राजीनामा दिनुभयो । आफैँले सम्हालेको मन्त्रालयमा फैलिएको भ्रष्टाचारको जालो हटाउन खोज्दा एउटा इमान्दार मन्त्रीले राजीनामा दिनुप¥यो । नेपालको इतिहासमा यस्ता विरलै घटना छन्।

राजनीतिक जीवनको यो घटनाबाट अलकति विक्षिप्त भएकी शैलजालाई २०५५ सालमा फेरि अर्को मौका जु¥यो । यसपालि उहाँ जलस्रोतमन्त्री मात्रै होइन, सरकारको 'उपप्रधानमन्त्री' पनि बन्नुभयो । नेपालको राजनीतिक इतिहासमा एउटी महिला उपप्रधानमन्त्री बनेको यो पहिलो थियो। यो एउटा त्यस्तो समय थियो जतिबेला नेपालका आम महिलाहरूमा राजनीतिक चेतनाको कमी थियो। अझ विश्वका कतिपय त्यस्ता देशहरू थिए, जहाँ महिलालाई मतदातको अधिकार नै थिएन। अहिले पनि त्यस्ता देशहरू थुप्रै छन्, जहाँ भर्खरमात्रै महिलाको मताधिकार अर्थात् राजनीतिक अधिकारको बारेमा बहसहरू हुन थालेका छन् र महिला जाग्न थालेका छन्। यो कार्यकालमा नेपालको जलस्रोतको उपयोग र प्रयोगका बारेमा थुप्रै नयाँ प्रयास थालिए। धेरै जलविद्युत् आयोजनाको सुरुआत शैलजाकै मन्त्रीत्वकालमा भएको थियो।

शैलजा दिदीले बाँचेको त्यो समय प्रजातन्त्र अनि निरङ्कुशतन्त्रबीचको लडाइँमा गुज्रिएको समय थियो । खोसिएको अधिकारका लागि जनतालाई जगाउने अनि अधिकारका लागि लड्ने समय थियो। साँच्चिकै भन्नुपर्दा प्रजातन्त्रको लडाइँ चर्किएको त्यो युग शैलजा जस्ता क्रान्तिकारी योद्धाहरूले बाँचेको युग थियो। जति बाँच्नुभयो शैलजा दिदी देश र प्रजातन्त्रका लागि खातिर बाँच्नुभयो, आफ्नो निजी जीवन छोडेर बाँच्नुभयो। आम नागरिकको समृद्धिको सपना साँचेर बस्नुभयो, आफ्ना सपनाहरू भुलेर बाँच्नुभयो । आफ्नैबाट चिथोरिएकी अनि निचोरिनुभएकी शैलजाले राजनीतिक यात्रामा त्यस्ता धेरै मोडमा आफूलाई धेरै सम्हालेर हिँड्नुभएको थियो । जीवनको उत्तराद्र्धमा राजनीतिबाट अलि टाढा हुनुभयो उहाँ। तथापि उहाँको राजनीतिक योगदानलाई नेपाली राजनीति कहिल्यै भुल्न सक्दैन। भुल्न पनि मिल्दैन। अन्तिम अवस्थामा रोगव्याधिसँग पनि लडिरहेकी शैलजा दिदीको २०६६ जेठ २९ गते निधन भयो। शैलजा दिदीको त्यो अग्लो राजनीतिक कदलाई हामीले कहिल्यै होचिन नदिऔँ। हार्दिक श्रद्धासुमन। रासस

# आयोगको कार्य परिणाममुखी बनाउन निर्देशन



**काठमाडौँ ।**
राष्ट्रिय समावेशी आयोगले अहिलेसम्म गरेका काम परिणाममुखी नभएकामा सांसदहरुले प्रश्न उठाएका छन् । प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समितिको सोमबार बसेको बैठकमा 'नेपालमा सामाजिक समावेशीकरणको वर्तमान अवस्था र राष्ट्रिय समावेशी आयोगले खेलेको भूमिका' सम्बन्धमा गरिएको छलफलमा सांसद रोशन कार्कीले आयोगले अध्ययन कार्य गरिरहेको भनिएका विषयको प्रभाव र परिणाम के आयो ? भन्नेबारेमा समेत खुलाउनुपर्ने बताए । उनले आयोगले तयार पारेको कार्यपत्रप्रति असन्तुष्टि व्यक्त गर्दै अब परिणाम चाहिने बताए ।
आयोगकी उपसचिव सुशीलाकुमारी पन्तले 'सामाजिक समावेशीकरण' विषयमा कार्यपत्र प्रस्तुत गर्दै समावेशी आयोगको उद्देश्य, मर्म र हालसम्मको कार्यसम्पादन विवरणबारे जानकारी दिइन् । कार्यपत्रमाथि टिप्पणी गर्दै सांसद आशा विकले सरकारले जुन उद्देश्यका साथ आयोग गठन गरेको त्यसअनुरुप कार्यसम्पादन हुन नसकेको बताइन् । 'समावेशी आयोगले उद्देश्यअनुरुप भूमिका खेलेको देखिँदैन' उनले भनिन्, 'बजेट अभाव, जनशक्तिको कमीलगायत समस्या छन्, यी विषयमा छलफल गरिनुपर्छ ।' सांसद ईश्वरबहादुर रिजालले समावेशी आयोग समाजको सबैभन्दा पिँधमा परेका समुदायप्रति बढी जवाफदेही र कर्तव्यनिष्ठ हुनुपर्ने सुझाव दिइन् । समाजको बहिष्करणमा परेका दलित समुदायलाई आयोगले कसरी अन्तरघुलन गराउन सकिन्छ भन्ने विषयमा कार्ययोजना बनाउनुपर्नेमा उनले जोड दिइन् । यसैगरी सांसद सुशीला श्रीपाली ठकुरीले सडकमा रहेका बालबालिकाको विषयमा अध्ययन गर्न आयोगलाई सुझाव दिइन् ।
आयोगका अध्यक्ष विष्णुकुमारी ओझाले सांसदहरुले उठाएका जिज्ञासाको जवाफ दिँदै आयोगले सीमित बजेट तथा स्रोतसाधनमा थुप्रै जिम्मेवारी पूरा गर्नु परेको बताइन् । समाजमा पछि परेका विभिन्न सुमदाय र वर्गको अवस्थामाथि अनुसन्धान भइरहेको उनले जानकारी दिइन् । 'समावेशी आयोग समाजको पिँधमा पारिएका सबै समुदायको साझा थलो हो' उनले भनिन्, 'सरकारले आयोगका केही सुझाव कार्यान्वयन गरेको छ तर कतिपय सुझावको सुनुवाइ हुन बाँकी छ । ती सुझाव कार्यान्वयन भएमा कार्यसम्पादनमा समेत सकारात्मक प्रभाव पर्नेछ ।' समितिका सभापति किरणकुमार साहले आयोगलाई चुस्त र परिणाममुखी कार्यसम्पादनका लागि बैठकका तर्फबाट निर्देशन दिएका थिए । रासस

# महानगरलाई नीतिगत सहयोग गर्ने सांसदहरुको प्रतिबद्धता




**ललितपुर ।**
ललितपुरबाट निर्वाचित सङ्घीय प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यहरूले नागरिकमैत्री सेवाप्रवाहका लागि ललितपुर महानगरपालिकालाई नीतिगत सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । आर्थिक वर्ष २०८१÷८२ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा महानगरद्वारा सोमबार आयोजित ललितपुरका प्रतिनिधिसभा र प्रदेशसभा सदस्यसँगको अन्तरक्रियामा उहाँहरुले पुँजीगत खर्च वृद्धि गर्न स्थानीय सरकारलाई सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन् । पूर्वअर्थ राज्यमन्त्री तथा प्रतिनिधिसभा सदस्य उदयशमशेर राणाले अर्थतन्त्र चलायमान बनाउने नीति ल्याउनुपर्ने बताए । 'नागरिकलाई सेवा दिन, समस्या समाधान गर्न हरतरहले सहयोग गर्छौं, पुँजीगत खर्च वृद्धि होस् । उपत्यकाको फोहरमैला व्यवस्थापनलाई बढी ध्यान दिनु जरुरी छ । स्थानीय सरकारलाई सहयोग र समर्थन गर्ने हाम्रो दायित्व हो' उनले भने । उनले महानगरभित्रको पार्किङ व्यवस्थापनलाई विशेष ध्यान दिनुपर्ने बताउँदै 'अन्डरग्राउण्ड' पार्किङलाई व्यवसायिक बनाइ करको दायरामा ल्याउन सुझाव दिए ।
प्रतिनिधिसभा सदस्य डा तोसिमा कार्कीले नागरिकको सन्तुष्टिको आधारमा कर सङ्कलन गर्ने र सङ्कलित करलाई प्रभावकारी रुपमा खर्च गर्न सुझाव दिइन् । 'महानगरले ढल व्यवस्थापनलाई ध्यान दिनुपर्ने छ, ढलबाट फैलिएको फोहरले धापाखेल र वडा नं ४ को मल पोखरीमा समस्या देखिएको छ, सांस्कृतिक सम्पदा संरक्षणमा प्रभावकारी नीति आवश्यक छ, रुद्रायणी र रातो मच्छिन्द्रनाथको मन्दिर निर्माणमा ढिला भएको छ', डा कार्कीले भनिन् । प्रतिनिधिसभा सदस्य प्रेमबहादुर महर्जनले नीति तथा कार्यक्रम र बजेट भौतिक पूर्वाधारमा केन्द्रीत भएकोमा खुसी व्यक्त गरे । उनले प्रदूषण न्यूनीकरणका लागि नीति तथा कार्यक्रममा समेटेर साइकलको प्रयोगलाई प्रोत्साहन गर्न सुझाव दिए । प्रतिनिधिसभा सदस्य रोशन कार्कीले सरकारी स्वामित्वको रेडियो नेपालको जग्गा दूरसञ्चार प्राधिकरणलाई बिक्री गर्नबाट महानगरले रोक्नुपर्ने धारणा राखे । उनले सरकारी विद्यालयको स्तरोन्नति गर्न, महानगरभित्र जन्मने बच्चाको जन्मदर्तालाई सहज बनाउने नीति बनाइनुपर्नेमा जोड दिए । बागमती प्रदेशका पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य रामकृष्ण चित्रकारले दिगो विकास लक्ष्य र सम्पदा संरक्षणमा महानगरले गरेको कामको प्रशंसा गरे । उनले अमुर्त सम्पदा र संस्कृति संरक्षणमा महानगरले निरन्तरता दिनुपर्ने सुझाव दिए ।
प्रदेशसभा सदस्य प्रेमभक्त महर्जनले नगरभित्रका खेतीयोग्य जमिनलाई उपयोग हुने गरी कृषि क्षेत्रमा एक वडा एक उत्पादनलाई ध्यान दिनुपर्ने धारणा राखे । प्रदेशसभा सदस्य रघुनाथ महर्जनले सङ्घ, प्रदेश र स्थानीय तहले जनताको आवश्यकता पुरा हुने गरी नीति तथा कार्यक्रम लागू गर्नुपर्ने बताए । उनले ढुङ्गेधारा संरक्षणका लागि राजकुलोलाई यथाशीघ्र सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिए । महानगरप्रमुख चिरीबाबु महर्जनले सांसदहरुको सुझाव सुनिसकेपछि सम्पदा क्षेत्रमा पूर्वाधार निर्माण गर्दा बोलपत्र गर्ने नीति लिनु नहुने बताए । उनले यस विषयमा संसद्मा आवाज उठाएर कानुनी रुपमा लागू गर्न आग्रह गरे ।
'सङ्घीय सरकारको कमजोरीका कारण हामीलाई गाली गर्ने अवस्थाको अन्त्य गरिदिनुस्, सार्वजनिक खरिद ऐन २०६३ देश विकासको बाधक छ, यसले ठेकेदार मोटाउँछ, देशको विकास हुँदैन, यसलाई सुधार गरिदिनुस्, उपत्यकाको फोहरमैला व्यवस्थापनका लागि सङ्घीय सरकारले गरेको सम्झौता बाधक छ', उनले भने । प्राप्त सुझावका आधारमा सम्पदा, वातावरण संरक्षण र नगरविकासका सम्बन्धमा आगामी वर्षको नीति तथा योजना तय गरिने उनले बताइन् । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यले राखेको जिज्ञासाको जवाफ दिँदै उपप्रमुख मञ्जुली शाक्य बज्राचार्यले प्राप्त सुझावलाई समेटेर जनताको मर्म सम्बोधन हुनेगरी सहकार्य, सहअस्तित्वको आधारमा काम गर्ने प्रतिबद्धता जनाइन् । उनले खानेपानी समस्यालाई विशेष ध्यान दिएर प्राथमिकताका साथ बजेट विनियोजन गरिने जानकारी दिइन् । रासस

# प्रधानमन्त्री दाहाल र राष्ट्रपति मुर्मुबीच भेटवार्ता

**काठमाडौँ ।**
भारतको औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट गरेका छन् । नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा प्रधानमन्त्री दाहालले राष्ट्रपति मुर्मुसँग सोमबार भेट गरेका हुन् । सो अवसरमा राष्ट्रपति मुर्मु र प्रधानमन्त्री दाहालबीच नेपाल–भारतबीच सदियौँदेखि रहिआएको आपसी सम्बन्ध र द्विपक्षीय हितका विविध विषयमा छलफल भएको थियो । त्यसैगरी, उनीहरूबीच दुई देशबीचका जनतामाझको परम्परागत सम्बन्धलाई थप प्रगाढ तुल्याउने विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।
प्रधानमन्त्री दाहाल आइतबार साँझ भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको शपथग्रहण समारोहमा सहभागी भएका थिए । शपथग्रहणपछि उनीहरुबीच भेटवार्ता भएको थियो । सो भेटमा प्रधानमन्त्री दाहालले लगातार तेस्रो कार्यकालका लागि भारतको प्रधानमन्त्रीको पदभार ग्रहण गरेका मोदीलाई बधाई दिनुका साथै उनको आगामी कार्यकालमा नेपाल र भारतबीचको सम्बन्ध थप उचाइमा पुग्ने विश्वास व्यक्त गरे । भेटमा उनीहरूबीच नेपाल–भारतबीच रहीआएको आपसी सम्बन्ध र द्विपक्षीय हितका विविध विषयमा छलफल भएको थियो । सो अवसरमा उनीहरूबीच विगतमा भएका समझदारी एवं सम्झौताहरूको कार्यान्वयनका बारेमा छलफल भएको थियो ।

संघीयमन्त्री जयशङ्करसँग पनि भेटवार्ता

छिमेकी मित्रराष्ट्र भारतको औपचारिक भ्रमणमा रहनु भएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भारतका नवनियुक्त सङ्घीयमन्त्री एस जयशङ्करले शिष्टाचार भेट गरेका छन् । प्रधानमन्त्री दाहाल बसेको होटल ताजमा सोमबार भएको भेटमा उनीहरूबीच द्विपक्षीय सम्बन्ध, आपसी सहयोग र विगतमा भएका सम्झौता एवं समझदारी कार्यान्वयनका विषयमा छलफल भएको नयाँ दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ ।
सो अवसरमा प्रधानमन्त्री दाहालले भारतको मन्त्री पदमा नियुक्त भएकोमा जयशङ्करलाई हार्दिक बधाई एवं कार्यकालको शुभकामना व्यक्त गरे । उनले आगामी दिनमा दुई देशबीच रहीआएको आपसी एवं जनस्तरको सम्बन्ध थप प्रगाढ हुँदै जाने विश्वास व्यक्त गरे । त्यसैगरी मन्त्री जयशङ्करले प्रधानमन्त्री नरेन्द्र मोदीको सपथ ग्रहण समारोहमा सहभागी भएकोमा प्रधानमन्त्री दाहाल र नेपाल सरकारलाई धन्यवाद व्यक्त गरे । उनले दुई देशबीच भएका सम्झौता एवं समझदारीको कार्यान्वयनमा भारत सरकार गम्भीरतापूर्वक लागेको र सन्तोषजनक प्रगति भइरहेको जानकारी गराएका थिए ।
औपचारिक भ्रमणका क्रममा आइतबार भारत प्रस्थान गरेका प्रधानमन्त्री दाहाल भारतका राष्ट्रपति मुर्मुले आयोजना गरेको रात्रिभोजमा सहभागी भएका थिए । उनका साथमा सुपुत्री गङ्गा दाहाल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी, परराष्ट्र सचिव सेवा लम्साललगायत उच्चपदस्थ सरकारी अधिकारी पनि थिए । रासस



# 'दुर्घटना न्यूनीकरण गर्न कानुनी संरचनागत सुधारलाई प्राथमिकता'

**काठमाडौँ ।**
बर्सेनि बढ्दो सवारी साधन दुर्घटनाका कारण हुने जनधनको क्षति न्यूनीकरण गर्न निरोधात्मक उपायको खोजी गर्ने उद्देश्यका साथ राष्ट्रियसभाको सोमबारको बैठकमा जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल भएको छ । राष्ट्रियसभाका सदस्य सोनामा गेल्जेन शेर्पा प्रस्तावक र जगप्रसाद शर्मा, कृष्णबहादुर रोकाया, भगवती न्यौपाने, मदनकुमारी शाह (गरिमा) र शेखरकुमार सिंह समर्थक रहनुभएको सो प्रस्तावमाथि छलफल भएको हो । छलफलमा सहभागी हुँदै सदस्य श्रीकृष्णप्रसाद अधिकारीले सवारी दुर्घटनाका कारण मानव र भौतिक क्षतिको मात्रामा बढोत्तरी भएकाले त्यसलाई नियन्त्रण गर्न सडक सुधार गर्नुपर्ने, ट्राफिक नियम पालनामा कडाइ गर्नुपर्ने, सवारी साधनलाई तन्दुरुस्त राख्नेलगायतका विषयलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।
सांसद पदमबहादुर परियारले सडक दुर्घटनाका कारण अकालमा ज्यान गुमाउने नागरिकको परिवारमा ठूलो मानसिक आघात हुने, अपाङ्गता हुने क्रममा वृद्धि भएको उल्लेख गरे । सांसद इन्दिरादेवी गौतमले सडक सञ्जालभन्दा बढी सवारीसाधन उपलब्ध भएको र दुर्घटनाका घटनामा बढोत्तरी भएकाले कानुन कार्यान्वयनमा विशेष जोड दिनुपर्ने आवश्यकता औँल्याइन् । सांसद जयन्तीदेवी राईले औसत दैनिक आठ जनाका दरले सवारी दुर्घटनामा ज्यान जाने गरेको तथ्याङ्क पेस गर्दै विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन नभएको, सवारी परीक्षणमा ध्यान नदिइएको तथा सक्षम चालकको अभावका कारण समस्या जटिल भएको बताइन् ।
उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रघुवीर महासेठले सवारी दुर्घटना न्यूनीकरणका लागि कानुनी, संरचनागत सुधार गर्दै त्यसको व्यावहारिक कार्यान्वयन गर्ने बताए । उनले सडक सुरक्षाका लागि काम गर्ने निकायका रुपमा 'रोड सेफ्टी काउन्सिल'ले आवश्यक काम गर्ने उल्लेख गरे । सडक तथा सवारीसँग जोडिएका हरेक विषयलाई केन्द्रित गरेर आवश्यक कानुनी प्रबन्ध गर्न लागिएको उनले जानकारी दिए । हचुवाका भरमा सडक पूर्वाधार निर्माण गर्ने, सुरक्षाको कुनै पनि उपाय अवलम्बन नगर्ने प्रवृत्ति मौलाएकाले त्यसलाई नियन्त्रण गर्न कठिनाइ भएको बताए । सवारी दुर्घटना न्यूनीकरणका लागि सरोकार भएका निकायलाई जिम्मेवार बनाउने, यात्रुले पनि विशेष चनाखो हुनुपर्ने र क्षमताभन्दा बढी यात्रु नराख्नेतर्फ सबैको सचेत पहल जरुरी रहेको बताए । हाल निर्माण भइरहेको सडकमा सुरक्षाका सबै उपकरण राखिएको तथा सडक सुरक्षालाई विशेष ध्यान दिइएको उनको भनाइ छ । उनले निर्माण भएका सडकको मर्मतसम्भार हुन नसक्दा पनि दुर्घटना बढेको, पहाडी क्षेत्रमा घुम्ती बढी भएकाले पनि दुर्घटना बढेको पाइएकाले त्यसलाई सरकारले ध्यान दिने विश्वास दिलाए ।
दुर्घटना न्यूनीकरणका लागि जनचेतना बढाउने तथा आवश्यक सुरक्षाका उपाय अवलम्बन गर्ने प्रक्रियालाई पनि उत्तिकै ध्यान दिइएको उपप्रधानमन्त्री महासेठको भनाइ छ । राष्ट्रियसभा र सांसदहरुको सुझावका आधारमा सरकारले सवारी दुर्घटना न्यूनीकरणका लागि सरकारले आवश्यक निर्णय गर्ने र चाँडै दुई वटा विधेयक सङ्घीय संसद्मा पेस गर्ने जानकारी दिए । बैठकमा राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा पठाइएको 'सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७' का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभालाई जानकारी गराई टेबल गरे । त्यस्तै बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले 'मिडिया काउन्सिल विधेयक, २०८०' लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गरेकी थिइन् । सो प्रस्तावलाई सभाको सर्वसहमतिले स्वीकृत गरेको थियो । रासस



# सभामुखसँग नर्वेजियन राजदूतको भेट

**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेसँग नेपालका लागि नर्वेजियन राजदूत तोरुन ड्रामडलले शिष्टाचार भेट गरेका छन् । सिंहदरवारस्थित सभामुखको कार्यकक्षमा सोमबार भएको भेटमा दुई देशबीचको सम्बन्ध, विकास सहयोगलगायतका विषयमा छलफल भएको जनाइएको छ । भेटमा सभामुख घिमिरेले सन् १९७३ मा कुटनीतिक सम्बन्ध स्थापना भएपछि दुई मुलुकबीच उच्चस्तरीय राजनीतिक नेतृत्व तथा कुटनीतिक तहमा भ्रमणको आदानप्रदान भएको, विकास सहयोग, जनस्तरको सम्बन्ध, लगानी तथा व्यापार, पर्यटनलगायतका क्षेत्रमा सहकार्य भएको उल्लेख गरेका थिए ।
'विकास साझेदारकारुपमा नेपालले नर्वेसँगको सम्बन्धलाई उच्च प्राथमिकता दिएको छ', उनले भने, 'नर्वे सरकारले नवीकरणीय ऊर्जा, शिक्षा तथा सुशासनका क्षेत्रमा गरेका कामहरु हाम्रा लागि पनि उपयोगी भएका छन् ।' लामो राजनीतिक संक्रमणकालपछि नेपालमा अहिले दिगो आर्थिक विकास तथा शान्ति र स्थायित्वको अभियान शुरु भएको सभामुखको भनाइ थियो । त्यस अवसरमा नर्वेजियन राजदूत तोरुन ड्रामडलले सन् १९७३ मा कुटनीतिक सम्बन्ध स्थापना भएपनि सन् १९५० देखि नै दुई मुलुकबीच मैत्रीपूर्ण सम्बन्ध रहेको बताएका थिए । उनले आफ्नो मुलुकले नेपालका विभिन्न क्षेत्रमा रु तीन करोड ५० लाख अमेरिकी डलर बराबरको सहयोग गरेको उल्लेख गरे ।
राजदूत ड्रामडलले दुई मुलुकबीच समय समयमा उच्चस्तरीय भ्रमण भइरहेको स्मरण गर्दै आगामी सेप्टेम्बरमा नर्वेको परराष्ट्र तथा रक्षासम्बन्धी संसदीय समितिले नेपाल भ्रमण गर्न लागेको जानकारी दिए । सभामुख घिमिरेले पनि नेपालको संसदीय संसदमा नेपाल–नर्वे संसदीय मैत्री समूह गठन भएको जानकारी दिँदै आगामी सेप्टेम्बरमा नर्वेको परराष्ट्र तथा रक्षासम्बन्धी संसदीय समितिको नेपाल भ्रमणले संसदीय आदान प्रदानलाई थप उचाइमा पु¥याउने विश्वास व्यक्त गरे । रासस

# दश महिनामा करिब १२ खर्ब विप्रेषण भित्रियो

**काठमाडौँ ।**
चालु आर्थिक वर्षको १० महिनासम्म करिब १२ खर्ब विप्रेषण भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको वैशाख मसान्तसम्मको विवरणअनुसार सो अवधिमा विप्रेषण आप्रवाह १९ दशमलव दुई प्रतिशतले वृद्धि भए ११ खर्ब ९८ अर्ब ६० करोड रुपैयाँ पुगेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३ दशमलव चार प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १७ दशमलव एक प्रतिशतले वृद्धि भई नौ अर्ब दुई करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३ दशमलव चार प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको संख्या तीन लाख ७४ हजार आठ सय ८७ र पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख ३७ हजार आठ सय ९३ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः चार लाख २१ हजार दुई सय ७९ र दुई लाख ३८ हजार नौ सय ७६ थियो । समीक्षा अवधिमा खुद ट्रान्सफर १७ दशमलव दुई प्रतिशतले वृद्धि भई १३ खर्ब एक अर्ब ७२ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २२ दशमलव पाँच प्रतिशतले बढेको थियो ।रासस

# विदेशी विनिमय सञ्चिति साढे १९ खर्ब पुग्यो




**काठमाडौँ ।**
चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा अर्थतन्त्रको बाह्य क्षेत्रमा राम्रो सुधार देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०÷८१ को दश महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार एक वर्षभन्दा बढी समयको वस्तु तथा सेवाको आयात धान्ने विनिमय सञ्चिति रहेको देखिएको हो । विसं २०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २६ दशमलव दुई प्रतिशतले वृद्धि भई गत वैशाख मसान्तमा १९ खर्ब ४२ अर्ब ४० करोड रुपैयाँ पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रुपैयाँ रहेकोमा २०८१ बैशाख मसान्तमा २४ दशमलव दुई प्रतिशतले वृद्धि भई १४ अर्ब ५४ करोड रुपैयाँ पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८० असार मसान्तमा १३ खर्ब ४५ अर्ब ७८ करोड रुपैयाँ रहेकोमा २०८१ बैशाख मसान्तमा २८ प्रतिशतले वृद्धि भई १७ खर्ब २२ अर्ब २ करोड रुपैयाँ पुगेको छ । त्यस्तै, बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा एक खर्ब ९३ अर्ब ५९ करोड रुपैयाँ रहेकोमा २०८१ वैशाख मसान्तसम्ममा १३ दशमलव आठ प्रतिशतले वृद्धि भई दुई खर्ब २० अर्ब ३८ करोड रुपैयाँ कायम भएको छ । गत बैशाख मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव एक प्रतिशत रहेको छ ।

राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको दश महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १५ दशमलव एक महिनाको वस्तु आयात र १२ दशमलव छ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । गत वैशाख मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३४ प्रतिशत बराबर छ । त्यस्तै, कुल आयातसँगको अनुपात एक सय पाँच दशमलव तीन र विस्तृत मुद्राप्रदायसँगको अनुपात २९ दशमलव दुई प्रतिशत रहेको छ । राष्ट्र बैंकका अनुसार यो अवधिमा शोधनान्तर स्थिति तीन खर्ब ९२ अर्ब ६४ करोड रुपैयाँले बचतमा रहेको छ । त्यस्तै, गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा आयात दुई दशमलव चार, निर्यात तीन दशमलव छ र कुल वस्तु व्यापार घाटा दुई दशमलव तीन प्रतिशतले घटेको छ । गत वैशाख मसान्तसम्ममा नेपाल सरकारको खर्च १० खर्ब ५६ अर्ब ८९ करोड रुपैयाँ र राजस्व परिचालन आठ खर्ब ३१ अर्ब ९३ करोड रुपैयाँ रहेको छ । यो अवधिसम्मको विस्तृत मुद्राप्रदाय आठ दशमलव एक प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १२ दशमलव चार प्रतिशतले बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।रासस

# आर्थिक विकासका लागि उत्पादनमुखी बजेट आवश्यकः महत




**काठमाडौँ ।**
पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको आर्थिक विकासका लागि उत्पादनमुखी र परिणाम दिने खालको बजेट आवश्यक रहेको बताएका छन् । साउथवेस्टन स्टेट कलेज वसुन्धराद्वारा सोमबार यहाँ आयोजित ‘आर्थिक वर्ष २०८१÷०८२ को बजेटबाट अपेक्षा र कार्यान्वयन’ विषयक अन्तक्र्रियामा उहाँले मुलुकको अर्थतन्त्रलाई सही दिशा प्रदान गर्नका लागि अनुशासनको खाँचो रहेको बताए । नेपाली कांग्रेसका प्रवक्ता डा महतले कुन क्षेत्रमा कति बजेट विनियोजन गर्दा मुलुकको आर्थिक विकासमा सहयोग पुग्छ त्यसको बारेमा सरकारले पहिल्यै यकिन गर्न आवश्यक रहेको बताए । उनले भने, ‘तीन करोड रुपैयाँभन्दा साना आयोजना केन्द्र सरकारले नराख्ने भनी आर्थिक कार्यविधि अनुमोदन गरे पनि वर्तमान सरकारले उक्त कार्यविधिलाई कार्यान्वयनमा लैजान सकेको छैन ।’

उनले आन्तरिक स्रोतबाट ९० अर्ब रुपैयाँ ऋण लिने बजेट वक्तव्यमा उल्लेख भएको जनाउँदै उक्त पैसा निजी क्षेत्रमा प्रवाह हुँदा बैंक तथा वित्तीय संस्थाको ब्याजसमेत बढ्ने उल्लेख गरे । ‘बैंक तथा वित्तीय संस्थाबाट सरकारले ऋण लिँदा निजी क्षेत्रमा उपलब्ध ऋणसमेत कम हुने भएकाले यसले अर्थतन्त्रलाई समेत प्रभाव पर्ने मैले देखेको छु’ उनले भने । अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार प्रा डा सूर्यबहादुर थापाले देशलाई सही दिशामा लैजानका लागि अहिलेको बजेटले सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले बजेटले नयाँ नीति तथा कार्यक्रमलाई अगाडि बढाएको उल्लेख गरे ।

नविल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले उत्पादन क्षेत्रमा लगानी गर्न सकेमात्र देशको विकास हुने उल्लेख गरे । साउथवेस्टन स्टेट कलेजका प्राचार्य डा राजेन्द्र केसीले देशको न्यूनतम आवश्यकतालाई सम्बोधन गर्ने गरी बजेट ल्याउनुपर्ने बताए । साउथवेस्टन स्टेट कलेजका सहप्राचार्य हरिसिंह केसीले करको दर होइन दायरा बढाएर अगाडि बढेमात्र राजस्व बढ्ने र देशको आर्थिक विकासमा सहयोग पुग्ने बताए । उनले भने, ‘देशको अर्थतन्त्रको महत्वपूर्ण माध्यम कृषि, पर्यटन र ऊर्जा लगायतका क्षेत्र हुन् । यस्ता क्षेत्रमा लगानी प्रवर्द्धन गर्न बजेटले प्राथमिकता दिनुपर्छ ।’ रासस

# सन्दीपले टि ट्वान्टी विश्वकप क्रिकेट खेल्ने



**मधेशदृष्टि**
**वीरगंज ।**
आइसिसी टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत वेस्ट इन्डिजमा आयोजना हुने खेलमा नेपाली टोलीका स्पिनर सन्दीप लामिछानेले खेल्ने भएका छन् । नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा सोमबार यहाँ जारी विज्ञप्तिमा वेस्ट इन्डिजमा हुने दक्षिण अफ्रिका र बङ्गलादेशविरुद्धको खेलमा सन्दीपले सहभागिता जनाउने उल्लेख गरिएको छ । सन्दीप नेपाली राष्ट्रिय क्रिकेट टोलीमा समावेश हुँदै उक्त प्रतियोगिता खेल्न लागेका हुन् । क्यानले यसअघि यही जेठ २ गतेदेखि सन्दीपलाई घरेलु तथा अन्तर्राष्ट्रिय सबै प्रकारका क्रिकेट खेल गतिविधिको निलम्वनबाट फुकुवा गरेको थियो ।

उच्च अदालत पाटनको फैसलाबमोजिम बलात्कार मुद्दामा सफाइ पाएसँगै क्यानले पनि सोही दिनदेखि क्रिकेट गतिविधिबाट निलम्वन फुकुवा गरेको थियो ।युवा बलर प्रतिश जिसीलाई ‘ट्राभलिङ रिजर्भ’ राख्दै सन्दीपलाई नेपाली टोलीमा समावेश गरेको क्यानका सचिव पारस खड्काले जानकारी दिए । सङ्घले पूर्वघोषित टिमबाट युवा बलर जिसीलाई ट्राभलिङ रिजर्भमा राख्ने निर्णय गर्दै सन्दीपलाई विश्वकप खेल्ने आधिकारिक १५ जना टोलीको अन्तिम नामावली आइसिसी सामु पेस गरेको क्यानको भनाइ छ ।

विज्ञप्तिमा भनिएको छ, ‘यही जेठ ३ गतेदेखि नै सन्दीप नेपालको अफिसियल टिममा रहेका तर अमेरिकी राहदानी प्राप्त नभए तापनि आइसिसीसँग समन्वय गरी वेस्ट इन्डिजमा हुने दक्षिण अफ्रिका तथा बङ्गलादेशविरुद्ध नेपालका दुई खेलमा सन्दीपको उपस्थिति रहने जानकारी गराउन चाहन्छौँ ।’ विश्वकप क्रिकेट २०२४ का खेल अमेरिका र वेष्टइण्डिजमा भइरहेका छन् । अमेरिकामा भएको नेदरल्यान्ड्सविरुद्धको पहिलो खेलमा पराजित भएको नेपालले आफ्नो दोस्रो खेल यही जेठ ३० गते अमेरिकामै श्रीलङ्कासँग खेल्नेछ । उक्त खेल खेलेपछि नेपाली टोली वेस्ट इन्डिजको सेन्ट भिसेन्टमा पुग्नेछ । त्यहाँ नेपालले दक्षिण अफ्रिका र बङ्गलादेशसँग खेल्नेछ ।

# नेप्से परिसूचक आठ दशमलव ९० अङ्कले बढ्यो



**काठमाडौँ ।**
यो सातामा कारोबारको पहिलो आइतबार चार दशमलव ५९ अङ्कले घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक सोमबार दोस्रो दिन आठ दशमलव ९० अङ्कले बढेको छ । सोमबार नेप्से परिसूचक शून्य दशमलव ४२ प्रतिशतले बढेर दुई हजार ८२ दशमलव ०९ को विन्दुमा कायम भएको हो । सोमबार तीन सय १४ कम्पनीको एक करोड १६ लाख ३४ हजार छ सय १८ कित्ता शेयर ७१ हजार नौ सय ४८ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ४९ करोड छ लाख नौ हजार सात सय ८२ रुपैयाँ बराबरको कारोबार भएको छ ।

बैङ्किङ समूह शून्य दशमलव ०२, होटल तथा पर्यटन शून्य दशमलव ९३, जीवन बीमा शून्य दशमलव २४, म्युचुअल फन्ड तीन दशमलव ७४, व्यापार समूह दुई दशमलव ०३ र अन्य समूह शून्य दशमलव ०३ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ । सोमबार विकास बैङ्क समूह शून्य दशमलव ३६, वित्त एक दशमलव २१, जलविद्युत् दुई, लगानी शून्य दशमलव १५, लघुवित्त शून्य दशमलव ६२ र निर्जीवन बीमा समूह एक दशमलव २८ प्रतिशतले बढेको छ । कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड, त्रिशूली जलविद्युत् कम्पनी लिमिटेड र पिपुल्प पावर लिमिटेडको शेयर मूल्यमा सोमबार सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने जानकी फाइनान्स कम्पनी लिमिटेड आठ दशमलव ६७ र बाराही हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव २९ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको ४१ करोड ८७ लाख ६३ हजार दुई सय रुपैयाँ बराबरको छ लाख २७ हजार छ सय ७६ कित्ता शेयर किनबेच भएको छ ।रासस

# फ्रान्समा मध्यावधि निर्वाचनको घोषणा

**एएफपी**
**ब्रसेल्स ।**
युरोपेली सङ्घ (ईयू) को चुनावमा अति राष्ट्रवादी (दक्षिणपन्थी) समूहको विजयले फ्रान्समा आइतबार राजनीतिक भुइँचालो निम्त्याएको छ । निर्वाचनसँगै राष्ट्रपति इमानुएल म्याक्रोँले उच्च जोखिमको कदमको संज्ञा दिएको विधायिकाको मध्यावधि निर्वाचनको घोषणा गरेका छन् । मध्यमार्गी मूलधारका दलहरूले युरोपेली संसद्मा समग्र बहुमत कायम राखेपनि समग्र परिणाममा अति दक्षिणपन्थी दलहरूको सुधार देखिएपछि ईयूको राजनीति तरङ्गित भएको छ । अति राष्ट्रवादी समूह फ्रान्स, इटाली र अष्ट्रियामा पहिलो तथा जर्मनी र नेदरल्याण्ड्समा दोस्रो भएको प्रारम्भिक नतिजाले देखाएको छ । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले भने, ‘हामी बायाँ र दायाँबाट अतिवादीहरूको विरुद्धमा किल्ला निर्माण गर्नेछौं ।’ ७२० सदस्यीय व्यवस्थापिकाको निर्वाचनका लागि २७ देशका ३६ करोडभन्दा बढी युरोपेलीले मतदान गरेका थिए । ईयूको अर्को संसद र आयोगले युक्रेनमा रूसको जारी युद्ध, अमेरिका–चीन प्रतिद्वन्द्विताका कारण विश्वव्यापी व्यापार तनाव, जलवायु परिवर्तनको सङ्कटकालीन अवस्था र ‘विघटनकारी’ नयाँ डोनाल्ड ट्रम्पको राष्ट्रपतिको सम्भावनाको सामना गर्नुपर्नेछ । ईपीपीको प्रमुख उम्मेदवारको रूपमा, भोन डेर लेयेन आयोग सञ्चालन गर्नका लागि नयाँ जनादेश आवश्यक ठान्छन् । इयूका नेताहरूले जुन २७ देखि २८ सम्म हुने शिखर सम्मेलनअघि जुन १७ देखि नै उहाँको नाम लिने वा अर्को विकल्प रोज्ने भन्नेबारे निर्णय गर्न थाल्नेछन् । यद्यपि, फ्रान्समा मरिन ले पेनको दक्षिणपन्थी नेसनल ¥याली (आरएन) पार्टीको शानदार जितले म्याक्रोँलाई यति ठूलो झट्का दियो कि उहाँले पेरिस ओलम्पिकको एक महिना अघि जुन ३० का लागि राष्ट्रिय विधायिकाको चुनावको आह्वान गरे । उनले भने, ‘म केही भएको छैन जस्तो व्यवहार गर्न सक्दिनँ ।’ उनले फ्रान्सेली जनताले अब आफू र भावी पुस्ताका लागि सबैभन्दा राम्रो विकल्प रोज्नुपर्ने बताए ।

# विश्वकप क्रिकेटः भारतसँग पाकिस्तान पराजित




**मधेशदृष्टि**
**वीरगंज ।**
भारतले पाकिस्तानलाई ६ रनले पराजित गर्दै आइसिसी टि–२० विश्वकप क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ । विश्वकपको पहिलो खेलमा भारतले आयरल्यान्डलाई पराजित गरेको थियो । अमेरिकाको न्युयोर्कमा आइतबार राति सम्पन्न खेलमा भारतले दिएको एक सय सय २० रनको सामान्य लक्ष्य पछ्याएको पाकिस्तानले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय १३ रनमा समेटियो । पाकिस्तानका लागि मोहम्मद रिजवानले सर्वाधिक ३१ रन बनाए । त्यस्तै इमाद वासिमले १५ रन रन बनाउँदा बाबर आजम, उस्मान खान र फखर जमानले समान १३÷१३ रन बनाए ।

पाकिस्तानलाई एक सय १३ रनमा समेट्ने क्रममा भारतका जस्प्रित बुम्राहले तीन विकेट लिए भने हार्दिक पन्ड्याले २ विकेट झारे । त्यस्तै अर्श्रदिप सिंह र अक्षर पटेलले समान एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको भारतले १९ ओभरमा सबै १० विकेट गुमाउँदै एक सय १९ रनको योगफल बनाएको थियो । भारतका लागि रिशभ पन्तले सर्वाधिक ४२ रनको योगदान दिए । उनले ३१ बलमा ६ चौकासहित ४२ रन बनाए हुन । यस्तै अक्षर पटेलले १८ बलमा २० तथा कप्तान रोहित शर्माले १२ बलमा १३ रन जोडे । पाकिस्तानका लागि नसिम शाह र हरिस रौफले समान तीन तीन विकेट लिए भने मोहम्मद आमिरले २ विकेट लिए । त्यस्तै शाहिन शाह अफ्रिदीले एक विकेट झारे । यसहारसँगै पाकिस्तानको अन्तिम आठमा पुग्ने सम्भावनामा न्यून भएको छ ।

पाकिस्तानको यो लगातार दोस्रो हार हो । यसअघि पाकिस्तान अमेरिकासँग पराजित भएको थियो । यस जितसँगै भारतले दुई खेलमा ४ अङ्क जोडेको छ । अमेरिकाको पनि दुई खेलमा समान ४ अङ्क नै छ । क्यानाडाको दुई खेलमा २ अङ्क रहेको छ । पाकिस्तानको दुई खेलमा र आयरल्याण्डको एक खेलमा अङ्कविहीन छन् ।रासस

# जीवनका कथैकथा जोडिएका 'यादहरु'





**नारायण ढुङ्गाना**
**काठमाडौँ ।**

डुङ्गाको अस्तित्व पानी र त्यसको बहावसँग जोडिएको हुन्छ तर त्यही डुङ्गालाई विम्ब बनाएर जमिनसँग नाता जोड्ने प्रयत्नमा लाग्नुभएको छ कलाकार रवीन्द्र श्रेष्ठ । नयाँ सोच र अवधारणालाई कलामार्फत प्रस्तुत गर्ने खुबी उनीमा देखिन्छ । गत वर्षको राष्ट्रिय कला प्रदर्शनीमा 'डुङ्गा चियाघर' शीर्षकमा आफ्नो सृजना प्रस्तुत गरेर वाहवाही कमाउनुभएका श्रेष्ठले यस वर्ष पनि डुङ्गालाई नै आधार बनाएर फरक स्वरुपमा नौलो अनुभूति पस्किएका छन् । नारायणी, राप्ती, कोशीजस्ता ठूला नदीमा मानिस बोकेर बग्दाको स्मरण अनि काठमाडौँकै ठूला पोखरीमा तैरिँदाको स्मृति त्यो डुङ्गासँग हुन्छ । तर यहाँ आउँदाको स्मृति भने त्योभन्दा निकै फरक छ । राष्ट्रिय ललितकला प्रज्ञा प्रतिष्ठानको जारी 'राष्ट्रिय कला प्रदर्शनी २०८१' मा उनले त्यही पुरानो डुङ्गामा चलनचल्तीमा हराएका पुरानादेखि नयाँ सबै सिक्का भरेर प्रतिस्थापन कलामा रुपान्तरण गरी 'यादहरु' शीर्षकमा कथैकथाका पोका खोलिदिएका छन् । उनले यहाँ नेपाली इतिहासका सबै खाले सिक्का ल्याउन जमर्को गरेका छन् । परिवर्तित समयसँगै कुनै बेलाका दैनिक प्रचलनमा रहेका सिक्काहरू हराए तर ती केवल सिक्काहरू मात्र थिएनन्, ती सिक्काहरुसँग मानिसको समय, सभ्यता, संस्कृति र विविधखाले गहिरा यादहरू पनि जोडिएका छन् । यो पैसा, पैसा मात्रै रहने, त्यसमा हरेक नागरिकका आ–आफ्ना कथा जोडिएको छ । पैसा देख्ने बित्तिकै बालापनका यादहरु झल्किन्छ । रुँदाखेरि आमाबुबाबाट प्राप्त पाँच पैसामा फुलिन्थ्यो । सिक्का लङ्गुरबुर्जा खेल्न, चङ्गा उठाउन, मिठाई खान, कापी, किताब किन्नलगायतमा प्रयोग गर्दा फुरुङ्ग होइन्थ्यो । यहाँको प्रदर्शनी देख्नेबित्तिकै ती यादहरु स्मृतिमा फर्किन्छ । 'यसमा मान्छेले आफैँलाई जोड्न सक्छ, पुराना यादहरु स्मृतिमा ल्याइदिन्छ', कलाकार श्रेष्ठ भन्छन्, 'अर्को भाषा, धर्म, संस्कृतिसँग पनि जोडिन्छ । पैसा लुगामा बुनेर लगाइन्छ, देवीदेवताका मालामा उनिन्छ, कतै पूजाआजामा प्रयोग हुन्छ । नागमा टाँसेर राखिन्छ ।' पैसामा समय अनुसारका भाषा प्रयोग गएिकाले पनि भाषा, संस्कृतिलाई झल्काइदिने हुँदा हरेक यादहरु जोडिने उनी बताउँछन् । डिजिटल जमानामा प्रत्यक्ष पैसाबाटै हुने कारोबार हराइसक्यो । नयाँ पुस्ताले पैसा देखिरहेको वा छुन पाइरहेको छैन । अन्य कलाहरु छुन पाइँदैन तर यहाँ भने पैसा छुन पाइने अवसर प्राप्त छ । 'मेरो यो कलामा अर्को पुस्ताले पैसालाई प्रत्यक्ष छोओस्, पैसासँग खेलोस् र यादहरु संगालोस् भन्ने हो, त्यो अवसर मिलिरहेको छ, पैसा अँजुलीमा लिएर पानी झैँ खन्याउँदै, सेल्फीमा खेलिरहेका पाउँदा उद्देश्य पूरा भएको महसुस भएको छ', कलाकार श्रेष्ठले अनुभव सुनाए । उनले हेर्न आएका कला पारखी १० जनाले १० थरी अर्थ लगाइहेका देख्छन् । कला अवलोकनमा आएकी सांसद जयन्तीदेवी राईले त डुङ्गामा पैसा र पात चढाएर ढोगिन् । राष्ट्रियसभा विधायन व्यवस्थापन समितिका सभापति उनले अनि आफ्नो विगत समयलाई सम्झिए । यहाँ कसैले बालापनको याद गर्छन् । कसैका मानसपटलमा पैसा प्राप्तिका लागि गरेका सङ्घर्ष झल्किदिन्छ । देख्ने बित्तिकै फरकफरक कथाहरु जोडिएर आउँछ । पानीमा रहने डुङ्गाले यहाँ मान्छेको सट्टामा पैसा बोकेर थुप्रै कुरा र कथा भनिरहेको छ । अहिलेको डिजिटल दुनियाँमा यी नेपाली सिक्काहरू र यससँग जोडिएका कथाहरू एकै ठाउँमा देख्न सकुन् भन्ने नै प्रदर्शनीको मूल उद्देश्य हो भन्छन्, कलाकार श्रेष्ठ । उनले दुर्लभ सिकाहरूलाई डुङ्गामार्फत प्रस्तुत गरेका हुन् । डुङ्गालाई यहाँ एउटा रुपकमा प्रयोग गरिएको छ । यसले सिक्कासँग जोडिएका यी तमाम कुराहरूलाई एक ठाउँबाट अर्को ठाउँ, एक पुस्ताबाट अर्को पुस्तासम्म पु¥याइरहने छ । यहाँ अल्मुनियमका साथै सय वर्ष पुराना चाँदी, तामालगायत सिक्काहरू छन् । डुङ्गा भने दोलालघाटबाट ल्याइएको हो । यसरी प्रस्तुत गर्नुको कारणबारे कलाकार श्रेष्ठ थप्छन्, 'एकै ठाउँमा सिक्काहरू आफ्नै आँखाले देख्न र छुन सकून्, जुन हाम्रो समय, सभ्यता, धर्म, संस्कृति र विविध गहिरा यादहरू पनि हुन् भन्ने लाग्यो ।' कला अवलोकनपछि मदन पुरस्कार विजेता साहित्यकार अमर न्यौपाने कलाकारले दिमागको बत्ती बालिदिने र यो कलामा कलाकार श्रेष्ठले हृदयमा बत्ती बालिदिएको उल्लेख गरे । पैसा स्पर्श गर्दै न्यौपानेले भने,

**'यो डुङ्गामा राखेको पैसा, पैसा मात्रै होइन, यसले इतिहास, समाज बताइरहेको छ । थुप्रै हातहरुको स्पर्शलाई बोकेर बाँचिरहेको छ । एउटा पैसामा थुप्रै कथाहरु छन् । यहाँ जति पैसाहरु छन् सबै कथैकथाको थुप्रो जस्तो लागिरहेको छ ।'**

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा जारी कला प्रदर्शनीमा ४८२ कलाकारका पाँच सय २२ कला कृति छन् । त्यसमध्ये वास्तुकला तथा अन्य सृजनात्मक (बहुआयामिक) कला विधाअन्तर्गत छवि कलाका ३३, प्रतिस्थापन कलाका सात, कार्टुनका १२, क्यारिकेचरका तीन, डिजिटलका एक, भिडियो आर्टका एक, भावभङ्गिका दुई कलाकृति छन् । त्यसमध्ये प्रतिस्थापन कलामा वाग्मतीबाट उनको यो सृजनाले प्रादेशिक ललितकला विधागत पुरस्कार प्राप्त गरेको छ । यहाँ सय वर्षभन्दा पुराना नेपाली सिक्कादेखि २०५४ सालसम्मको विभिन्न सिक्काहरू (बुलेट सिक्का) चाँदी, तामाको र बढी मात्रामा अल्मुनियम)का करिब ८० किलो सिक्का राखिएको छ । प्रदर्शनीमा कला देख्ने बित्तिकै एउटै प्रश्न आउँछ, 'आम्मै, यति धेरै सिक्काहरू कहाँबाट आयो ?, कसरी र कहिलेदेखि जम्मा गरेको ? यो डुङ्गा कहाँदेखि ल्याउनु भयो ?' प्रश्नले झन् उत्सुक कलाकार श्रेष्ठ जवाफ दिन झिँजो मान्दैनन् । 'डुङ्गा दोलालघाटस्थित कोशी नदीबाट ल्याइएको हो । सिक्काहरू २०६८÷६९ सालदेखि विभिन्न मन्दिर र केही किनबेच गर्ने ठाउँबाट किनेर जम्मा गर्न थालेको हुँ, अहिलेसम्म ८० किलो भएको छ' आगन्तुकका जिज्ञासा मेटाउँदै भन्छन् ।

## डुङ्गा ल्याउँदाको दुःख

उनीसँग डुङ्गा ल्याउँदाको कहानी छुट्टै छ । डुङ्गा खोज्ने र ल्याउने क्रममा तीन पटक दोलालघाट पुगे । पहिलो पटक डुङ्गा देख्दा कोही थिएन । पानीमा हावाको लयमा हल्लिरहेको एउटा डुंगा देखे । लाग्यो उ पानीसँग खेलिरहेको छ । 'पानीबाट कसरी छुटाएर ल्याउँ' उनको मनमा सोच पलायो । श्रेष्ठ दोधारमा परे । डुङ्गालाई यहाँबाट निकालेर लग्नु के ठीक थियो त ? यिनको ठाउँ त यो पो हो त । यसको सम्बन्ध त पानीसँग पो छ । अब यो काम गर्ने वा नगर्ने सोच्दा सोच्दै केही दिन बिते । नयाँ प्रविधि फाइबरलगायतका डुङ्गाका कारण काठका डुङ्गा हराउँदै गएको थाहा पाएपछि बल्ल उनी डुङ्गा ल्याएर प्रदर्शनीमा राख्दा राम्रै हुने निर्णयमा पुगे । उनलाई धेरैले स्पर्श गरिसकेको पुरानो डुङ्गा चाहिएको थियो । डुङ्गा खोज्नेक्रममा त्यहाँका रामबहादुर माझी साथी बने । धेरै चहार्दा कहीँ नपाएपछि उही रामबहादुरसँगै भएको डुङ्गा ४० हजार रुपैयाँमा किनेर ल्याए । डुङ्गा ल्याउँदा ठाउँठाउँमा प्रहरीले दिएको दुःख, काटेको चिट उनले अनुभवमा सङ्गालेका छन् । प्रदर्शनीको छेउमा उनले लेखेका छन्, 'यहाँबाट कुनै सिक्का ननिकाल्नु होला, बरु, आफ्नो कलेक्सनमा रहेको तर यहाँ नभएका सिक्काहरू इच्छाअनुसार दान गर्न सक्नुहुन्छ । इच्छाअनुसार अर्को प्रदर्शनीमा नाम र फोटो डकुमेन्ट गरिने छ । यो कला देशभित्र वा बाहिरको कुनै सङ्ग्रहालय, ग्यालरी वा पब्लिक प्लेसमा कलेक्सन होस् भन्ने चाहना रहेको छ ।' तर कलाकार श्रेष्ठको त्यहाँको अनुभव नौलो छ । धेरै सिक्का त्यहाँबाट भिकेर लगिए । कतिपयले त सम्झनाका लागि मागेरै लगे । धेरैले चाहिँ आफ्नो जन्मिएको सालको सिक्का खोजे । उनले दिन अनकनाउनु भएन । 'झिकेर वा मागेर लगे पनि आखिर उनीहरुले आफ्नो जीवनको याद र कथा बोकेर लैजानुभएको छ, त्यसैमा म खुसी छु, सिक्का तर फेरि खोजेर ल्याउँला नि', हाँस्दै भने । उनले कला प्रदर्शनी हजारौँले अवलोकन गरिसकेका छन् । जेठ अन्तिमसम्म हुने प्रदर्शनीमा रामबहादुर माझी, त्यो माझी बस्ती, ती प्रहरीहरु, सिक्का दिने पुजारीहरू र अरू थुप्रै अनुहारहरू सहभागी हुने छैनन् तर कलाकार श्रेष्ठ उनीहरुलाई सम्झिरहेका छन् । उनका हरेक कलाले समय, अवधारणाअनुसार फरकफरक तरिकामा कुरा गरिरहेको पाइन्छ । कुनै बेला चिच्याएर, कुनै बेला दुःखी भएर । यो काम चाहिँ अलि विस्तारै पछिसम्मका लागि केही भनिरहेको जस्तो फिल हुन्छ । थुप्रै व्यक्तिले थुप्रै दृष्टिकोणबाट कामसँग जोडिरहेको पाइन्छ । कलाकार श्रेष्ठले यसअघि राष्ट्रिय पुरस्कारहरू पाइसकेका थिए । तर यो अलि विशेष प्रस्तुति रहेकाले फेरि ३० हजार राशिको प्रादेशिक पुरस्कार पाए । त्यसबापत पाएको केही रकम डुङ्गा दिने रामबहादुर माझीलाई प्रदान गर्ने सोच बनाएका छन् । उनी भन्छन्, 'यस्तो काम वा कन्सेप्ट मेरो दिमागले देखेपछि गर्नु नै पर्छ भन्ने लाग्यो, किन कि नगर्दा छुट्न जान्छ । हिमाल, पहाड, भगवानका चित्रहरू मैले नगर्दा नि अरू कसै न कसैले गरिरहेको हुन्छ । यो त कसैले गर्न सक्दैन, त्यसैले प्रदर्शनीमा ल्याएँ ।'

## यसरी जोडिन्छ जीवनका कथा

यी सिक्काहरू जीवनकै एक उत्कृष्ट यादहरू हुन्, बालापन झक्झक्याउने आधार हुन् । पाँच पैसाको एउटा सिक्काले पाँचवटा पीपलमेठ किनेर खाएको मीठो सम्झना गराउँछ । एक हिसाबमा यी पैसाहरू आमा, बुबा, आफन्त झैँ थिए । एउटा पैसा पायो कि खुसीले गद्गद् हुने जमाना थियो । यही पैसाले लङ्गुर्बुर्जा खेलिन्थ्यो । चङ्गा किनेर आकाशमा उडाइन्थ्यो । ठूलाठूला चाडपर्वहरू मनाइन्थ्यो । अनि यही पैसा पाउनकै लागि घण्टौँसम्म भगवानका मूर्तिहरू ढुकेर बसिन्थ्यो । पैसा नचढाउने व्रतालुलाई मनमनै गाली पनि गरिन्थ्यो । लाग्थ्यो, ढुङ्गाका यी मूर्तिहरू पनि यही पैसाहरू कुरेर बसिरहेका थिए । विभिन्न समुदाय र देवदेवीको गरगहना, पूजाहरूमा, खोला, पोखरीहरूमा चढाउने प्रचलनहरू अहिले पनि छ । पैसा ढोग्ने, चढाउने क्रम पनि छ । हिन्दूहरुका शुभ कार्यमा तामाका पैसा नभई हुन्न । त्यसैले नेपाली सिकाहरू इतिहास मात्र नभएर सिक्कासँग जोडिएका हाम्रो समय, सभ्यता, संकृति र यादहरूको सङ्कलन पनि हो । कलाकार श्रेष्ठका अनुसार अहिलेको भौतिक दुनियाँमा यो डुङ्गा यति सामान्य छ कि, एउटै काठले बनेको तर पनि यसले एक ठाउँको कुरा अर्को ठाउँमा पु¥याइदिने वा सम्बन्धहरू जोड्ने काम गर्छ । यहाँ पनि यी सिक्कासँग जोडिएका यी कुराहरूलाई एक ठाउँबाट अर्को ठाउँ, एक पुस्ताबाट अर्को पुस्तासम्म पु¥याउने माध्यम बनोस् भन्ने चाहना उनको हो । रासस

# 'गुरिल्ला ट्रेक' उजागर हुनेमा पलाएको आशा



**रामबहादुर थापा**
**गण्डकी ।**

प्रचार र पूर्वाधार अभावमा वर्षौंदेखि गुमनाम रहेको 'गुरिल्ला ट्रेक'मा पर्यटकीय पूर्वाधार विकास गर्ने सरकारको घोषणापछि उक्त पदमार्ग उजागर हुनेमा आशा पलाएको छ । आगामी आव २०८१÷८२ को बजेटमा 'गुरिल्ला ट्रेक'लगायत पर्यटन गन्तव्यमा पदमार्गमा आधारित पर्यटकीय कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । बजेटमा समेटिएपछि सो पदमार्गको विकास तथा प्रवर्द्धन हुनेमा स्थानीय र पर्यटनकर्मी आशावादी छन् । बागलुङ, म्याग्दी, रुकुम पूर्व र रोल्पालाई समेटेर विसं २०६८ मा गुरिल्ला ट्रेकको पहिचान र नक्साङ्कन गरिएको थियो । नेपाल पर्यटन बोर्ड, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतको पहलमा विसं २०७२ मा उक्त पदमार्ग घोषणा गरिएको थियो । विसं २०७३ मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले रुकुम पूर्वको चुनुवाङमा गुरिल्ला ट्रेकको औपचारिक शुभारम्भ गरेका थिए । माओवादी आन्दोलनमा 'चुनुवाङ बैठक' बहुचर्चित मानिन्छ । सोही बैठकबाट माओवादीले जनयुद्धलाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराउने निर्णय लिएको थियो । गुरिल्ला ट्रेक जनयुद्धको उद्गमस्थल मानिने रोल्पाको थवाङसहित जनयुद्धले सघन प्रभाव पारेका ठाउँलाई समेटेर नक्साङ्कन गरिएको थियो । पहिलोपटक उक्त पदमार्ग पहिचान गर्ने टोलीमध्येका एक सदस्य सुरेन्द्र रानाले बजेटमा गुरिल्ला ट्रेकका नाम आउनु सकारात्मक भए पनि त्यसको कार्यान्वयन पक्ष महत्वपूर्ण हुने बताए । 'गुरिल्ला ट्रेकको गाइड बुक, म्याप सन् २०१२ मा बनिसकेको छ, हामीले महिनौँ लगाएर यो पदमार्ग पहिचान गरेका थियौँ, सुरुसुरुमा केही प्रवद्र्धनका काम पनि भए, पछि बिस्तारै ओझेलमा पर्दै गयो', उनले भने, 'पर्यटन क्षेत्रको विकास र प्रवद्र्धन गर्ने दायित्व राज्यको हो, बजेटमा घोषणा गरेर मात्र हुँदैन, कार्यान्वयन हुनुपर्छ ।' उनले सडक सञ्जाल विस्तारले पुराना र चल्तीका पदमार्ग सङ्कटमा परेको भन्दै तिनको संरक्षण गर्नुपर्ने बताए । 'विकासको रफ्तारलाई हामी रोक्न त सक्दैनौँ, सडक पनि जनताको सेवाका लागि हो, तर अब देशभरका पदमार्गको पुनः नक्साङ्कन गर्नुपर्ने अवस्था आउँदैछ, वैकल्पिक पदमार्गको योजनामा हामी जानुपर्छ', रानाले भने, 'गुरिल्ला ट्रेकमा पनि ठाउँठाउँमा सडकले छिचोलेका कारण मौलिकता गुम्ने डर छ, यो नेपालको पर्यटन क्षेत्रकै लागि चुनौतीको विषय हो ।' पर्यटक पथप्रदर्शक दिवस गुरुङ गुरिल्ला ट्रेकलाई 'लुकेको हिरा'का रुपमा चिनाउन चाहन्छन् । उनका अनुसार प्रकृतिमय भूगोल, ऐतिहासिक महत्वका स्थल, जैविक विविधता, मगर जातिका सघन बस्ती, रैथाने कला, संस्कृति, रहनसहन, रीतिथिति आदि गुरिल्ला ट्रेकका विशेषता हुन् । 'गुरिल्ला ट्रेक भर्जिन गन्तव्य हो, यसको ब्रान्डिङ गर्नु जरुरी छ', उनले भने, 'नाम चलेका पदमार्ग छोटिँदै र मासिँदै गएका बेला गुरिल्ला ट्रेकबाट नेपालको पर्यटन क्षेत्रले लाभ लिन सक्छ ।' सो पदमार्गमा पर्यटकीय पूर्वाधार निर्माण गर्न सङ्घ, प्रदेश सरकार र स्थानीय तहले लगानी बढाउनुपर्ने उनको भनाइ छ । 'पदमार्ग भनेको पहिले मानिसले हिँडेकै बाटोमा हिँड्ने भन्ने हो, नयाँ पदमार्ग बनाउँदा पनि मौलिकताको ख्याल गर्नुपर्छ, पदमार्ग बनाउँदा कङ्क्रिटको प्रयोग गर्नुभएन', गुरुङले भने, 'ठाउँठाउँमा सूचनापाटी, चिया÷खाजाघर, विश्रामस्थल, होटल आदिको व्यवस्था गर्नुपर्छ ।' उनले सरकारले ग्रेट हिमालयन, मुन्धुम, गुरिल्ला ट्रेकलगायतमा पर्यटकीय पूर्वाधार निर्माणको घोषणा गर्नुलाई सुखद मान्नुपर्ने बताए । 'स्थानी, पर्यटनकर्मी, व्यवसायीलगायत सबै पक्षको सकारात्मक दबाब र पहलमा गुरिल्ला ट्रेकको विकासले कोल्टे फेर्न सक्छ, देशविदेशका पर्यटकमाझ नयाँ आकर्षक गन्तव्यका रुपमा विकास गर्न सकिन्छ', गुरुङले भने । उनले गत साल मध्य बर्खामा ३५ दिन उक्त ट्रेकमा एक्लै पदयात्रा गरेका थिए । 'अरू पदमार्गमा भन्दा बेग्लै अनुभव गुरिल्ला ट्रेकमा भयो, माओवादी जनयुद्धताका छापामार हिँडेको बाटो र युद्ध गतिविधि हुने स्थललाई समेटेर बनाइएको पदमार्ग भएकाले घुम्ने हुटहुटी र जिज्ञासा पहिलेदेखि नै थियो', उनले सुनाए । रोल्पाको सुनछहारी गाउँपालिकाका पर्यटन व्यवसायी तथा घरबास महासङ्घ लुम्बिनीका उपाध्यक्ष बालकुमार पुनले छोटो, मध्यम र लामो दूरीबाट गुरिल्ला ट्रेकमा यात्रा गर्न सकिने बताए । उनका अनुसार सबैभन्दा छोटो १४ दिनको पदयात्रा म्याग्दीको बेनी, दरबाङ, गुर्जाघाट, बागलुङको ढोरपाटन, निशेलढोर पूर्वी रुकुमको तकसेरा, लुकुम, रोल्पाको थवाङ, जलजला, जेलवाङ हुँदै सुलीचौर पुगेर टुङ्गिन्छ । मध्यम दुरीको पदयात्रा गर्न १९ दिन लाग्ने पुनले बताए । जुन बेनी, दरबाङ, गुर्जाघाट हुँदै ढोरपाटन पुगेपछि बुकी हुँदै रुकुम पूर्वको पेल्मा, मैकोटतिर जोडिन्छ । मैकोटबाट तकसेरा निस्केर लुकुम, रोल्पाको थवाङ, जलजला, जेलवाङ हुँदै सुलीचौर पुग्न सकिने पुनले बताए । सबैभन्दा लामो २७ दिनको पदयात्राले भने पश्चिम रुकुमलाईसमेत समेट्ने उनको भनाइ छ । 'ढोरपाटनबाट पेल्मा, मैकोट, पश्चिम रुकुमको अर्चल, रुकुमकोट, पूर्वी रुकुमको तक्सेरा, लुकुम, रोल्पाको थवाङ, जलजला, जेलवाङ हुँदै सुलीचौर पुगेर पदयात्रालाई टुङ्ग्याउन सकिन्छ', उनले भने, 'युद्ध पर्यटनका माध्यमबाट ऐतिहासिक ठाउँको पहिचान स्थापित गर्न र युद्ध प्रभावित क्षेत्रका बासिन्दाको जीवनस्तर उकास्न गुरिल्ला ट्रेकको अवधारणा ल्याइएको हो ।' बागलुङको ढोरपाटन, रोल्पाको सुलीचौरलगायत ठाउँबाट पनि छोटो र लामो दूरीमा उक्त ट्रेकको यात्रा गर्न सकिने उनले बताए । 'बागलुङको बुर्तिबाङ, ढोरपाटन हुँदै गरिने पदयात्रा आठ÷दस दिनमै टुङ्ग्याउन सकिन्छ, समय र अरू व्यवस्थापकीय तयारीलाई हेरेर जुनसुकै मार्ग प्रयोग गरेर गुरिल्ला ट्रेकमा जान सकिन्छ', पुनले भने । अस्तित्वमा आएको दशक बितिसक्दा पनि सोचेजसरी गुरिल्ला टे«कको विकास भने हुन नसकेको उनको भनाइ छ । 'राज्यले पनि खासै हेरेन, पर्यटन सम्बद्ध सङ्घसंस्थाको पनि उपेक्षामा यो ट्रेक परिरहेको छ', पुनले भने, 'पर्यटन विकासको प्रचुर सम्भावना भएर पनि गुरिल्ला ट्रेक यसै गुमनाम छ ।' सङ्घ सरकारको बजेटमा समेटिएकाले यसको विकासमा ठोस कार्यक्रम आउनेमा स्थानीय विश्वस्त रहेको उनको भनाइ छ । पूर्वाधार सम्पन्न बनाएर विश्व पर्यटन बजारमा 'ब्रान्डिङ' गर्न सके गुरिल्ला पदमार्ग गण्डकी र लुम्बिनी प्रदेशको आकर्षक गन्तव्यस्थलका रुपमा विकास गर्न सकिने उनको भनाइ छ । पर्यटक पथप्रदर्शक गुरुङले गुरिल्ला पदमार्गमा माओवादी जनयुद्धका चिनारी र अवशेषको पनि अनुभव बटुल्न पाइने उल्लेख गरे । 'छापामार हिँड्ने बाटो, सेल्टर, तालिम केन्द्र, बङ्कर, माओवादी नेताका बैठकस्थल आदिको अवलोकन गर्न सकिन्छ', उनले भने, 'अन्नपूर्ण हिमशृङ्खलादेखि, धवलागिरि, गुर्जा, पुथा, चुरेनलगायत हिमालको दृश्यले पनि पदयात्रालाई रोमाञ्चकता प्रदान गर्छ ।' उनका अनुसार बागलुङ, म्याग्दी र पूर्वी रुकुममा फैलिएको ढोरपाटन सिकार आरक्ष यो ट्रेकको प्रमुख आकर्षण हो । 'गुरिल्ला ट्रेकबारे पुस्तक पनि प्रकाशित छ, गुगल नक्सा पनि उपलब्ध छ', उनले भने, 'अरू पदमार्गको भन्दा बेग्लै अनुभवका लागि गुरिल्ला ट्रेक रोज्न सकिन्छ, साहसिक र रोमाञ्चक यात्रा रुचाउनेका लागि यो उपयुक्त गन्तव्य हो ।' अग्ला पहाड, भिरपाखा, खोला र खोँच हुँदै हिँड्नुपर्ने भएकाले गुरिल्ला पदयात्रामा निस्कँदा सोही किसिमको बन्दोबस्ती मिलाउनुपर्ने गुरुङले बताए । गुरिल्ला ट्रेकमा पर्यटक आकर्षित गर्न सके यस क्षेत्रका एतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहर र सम्पदा उजागर हुने उनको भनाइ छ । 'माओवादी जनयुद्धबारे बुझ्न र अध्ययनका लागि यो पदमार्ग पाठशाला हुन सक्छ', गुरुङले भने, 'मगर जातिको सघन बसोबास रहेकाले तिनको भाषा, संस्कृतिको खोज–अनुसन्धान गर्ने थलोका रुपमा पनि यो क्षेत्रलाई विकास गर्न सकिन्छ ।' विगतमा युद्धबाट गुज्रेका ग्रामीण बस्ती, त्यहाँको जनजीवन र संस्कृतिको अनुभव दिलाउन आन्तरिक तथा बाह्य पर्यटकलाई गुरिल्ला ट्रेकमा आकर्षित गर्न सकिने उनले बताए । रुकुम पूर्वको भूमे गाउँपालिका–९ का अध्यक्ष विनोद बुढाले पछिल्लो समय गुरिल्ला पदमार्गको चर्चा सेलाउँदै गएको बताए । 'सुरुसुरुमा प्रचारमा पनि आयो, पूर्वाधार निर्माणका केही काम पनि भए तर अहिले यो ट्रेक ओझेलमा परेको छ, पर्यटक आएको पनि देखिन्न', उनले भने । रासस

# मधेशकी दलित मन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रदेश संरचनामा मधेशमा पहिलोपटक दलित समुदायबाट सप्तरीकी रञ्जुकुमारी खंग मण्डल मन्त्री बनेकी छिन् ।



शुक्रबार बनेको सतिश सिंह नेतृत्वको मन्त्रिपरिषद्मा सप्तरीकी समानुपातिक प्रदेशसभा सदस्य खंगलाई राज्यमन्त्री बनेकी हुन् । जसपा नेतृत्वकै सरकारमा सहभागी रहेको जनमत पार्टीले दलित समुदायबाट खंगलाई मन्त्री बनाउन सिफारिस गरेको थियो । तर, जसपाका मुख्यमन्त्री सरोजकुमार यादवले खंगलाई शपथग्रहण गराएका थिएनन् । मधेश प्रदेश सभाको पहिलो प्रदेश सभामा ७ दलित समुदायका प्रदेश सभा सदस्य थिए । दोस्रो प्रदेश सभामा ८ दलित सदस्य छन् । 'मधेशमा १५ प्रतिशत यादव, १८ प्रतिशत दलित छन् ।

# खाद्यवस्तुमा चर्को मूल्यवृद्धि

**काठमाडौँ ।**
गैरखाद्य वस्तुभन्दा खाद्य वस्तुमा मूल्यवृद्धि बढी देखिएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको दश महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति छ दशमलव २७ र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति दुई दशमलव ९६ प्रतिशत छ । गत वैशाखमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ४० प्रतिशत छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव ४१ प्रतिशत थियो । राष्ट्र बैंकका अनुसार गत वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति छ दशमलव २७ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति दुई दशमलव ९६ प्रतिशत छ । खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत तरकारी उप–समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क २३ दशमलव ११ प्रतिशत, दाल तथा गेडागुडीको १० दशमलव ८५ प्रतिशत र मरमसलाको आठ दशमलव ९८ प्रतिशत छ । त्यस्तै, खाद्य तथा खाद्यजन्य पदार्थको मूल्य सात दशमलव ४२ प्रतिशत र चिनी तथा चिनीजन्य वस्तुहरुको सात दशमलव २५ प्रतिशतले बढेको छ भने घ्यू तथा तेल उप–समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क सात दशमलव १३ प्रतिशतले घटेको छ । गैर–खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरु उप–समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १२ दशमलव २६, शिक्षाको पाँच दशमलव ६४ प्रतिशत र कपडाजन्य तथा जुत्ता चप्पलको तीन दशमलव ४६ प्रतिशतले बढेको छ । त्यस्तै सञ्चार उप–समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क शून्य दशमलव ४८ प्रतिशतले घटेको छ । गत वैशाखमा काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ३०, तराईको चार दशमलव ३२, पहाडको चार दशमलव ७० र हिमालको चार दशमलव २२ प्रतिशत रहेको छ । रासस

# लोसपा मित्रशक्ति जनमतबारे मौनता

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्नो राजनीतिक प्रतिवेदनमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)लाई मित्रशक्तिका रुपमा व्याख्या गरेको छ भने मधेशमा उदाएको जनमत पार्टीबारे मौन देखिएको छ । जसपा, नेपालले लोकतान्त्रिक समाजवादी पार्टीलाई मित्रशक्तिको रूपमा चित्रित गरेको छ ।

लोसपा, नेपाल समावेशीता, राष्ट्रिय पहिचान र अधिकारकारको पक्षधर लोकतान्त्रिक पार्टी भएको बताइएको छ । यो पार्टीसँग हाम्रा केही एजेण्डा मिल्छन् । तर यो पार्टी देश र जनताको हितमा आफ्नो निर्णय आफैँ लिन सक्दैन, अर्काको मुख ताक्ने गर्दछ ।
तर पनि यो पार्टीसँग सहकार्य गर्न सकिन्छ, दस्तावेजमा उल्लेख छ । जसपाले मधेशबाटै उदाएको अर्को शक्ति जनमत पार्टीको भने केही उल्लेख गरेको छैन ।

# मालपोतका हाकिम भ्रष्टाचारमा दोषी ठहर




**मधेशदृष्टि**
**वीरगंज ।**
विशेष अदालतले मालपोत कार्यालयका ७ जना तत्कालीन अधिकृतहरूलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८० कात्तिक २० गते दायर गरेको मुद्दामा अन्तिम निर्णय सुनाउँदै विशेष अदालतले सोमबार ती ७ जना अधिकृतहरूलाई भ्रष्टाचारी ठहर गरेको हो । मालपोत कार्यालय पर्साका तत्कालीन मालपोत अधिकृतहरू हरिणारायण मिश्र, भूपबहादुर बोगटी, गोपाल ढुंगाना, पदम प्रसाद अर्याल, चन्द्रबहादुर भण्डारी, किरणप्रसाद उपाध्याय र कम्प्युटर अधिकृत कुमोद भण्डारीलाई भ्रष्टाचारी ठहर गरेको हो । राजस्व चुहावट गरी भ्रष्टाचार गरेको आरोपमा उनीहरूविरुद्ध विशेष अदालतले दोषी ठहर गर्ने क्रममा जेल सजाय जरिवाना सुनाएको हो । विशेषले मिश्र, बोगटी, ढुंगाना, अर्याल र तिवारीको हकमा सजाय निर्धारणका लागि असार ५ गते पेशी तोकिएको छ । भ्रष्टाचार मुद्दामा दोषी उपाध्यायको भने निधन भइसकेको छ । उनलाई विशेषले १ करोड २५ लाख ११ हजार १९० रुपैयाँ ७५ पैसा बिगो तिराउने फैसला गरेको छ ।
उपाध्यायको यो बिगो अब विशेषको फैसलाअनुसार छोराहरू राजकिशोर, गौतम, पशुपति र मुरारी उपाध्यायबाट दामासाहीले असुलउपर गर्नुपर्ने फैसला पनि विशेषले सुनाएको छ । उता मिश्र र बोगटीले जनही १ करोड २५ लाख ११ हजार ९१ सय ९० बिगो तिर्नुपर्ने भएको छ । त्यस्तै ढुंऊानाले ३५ लाख ४५ हजार ९५०, अर्यालले १६ लाख ८१ हजार ६०० र तिवारीले १ करोड २५ लाख ११ हजार १९० रुपैयाँ बिगो तिर्नुपर्ने भएको छ । अर्का प्रतिवादी चन्द्रप्रसाद भण्डारीको हकमा विशेषले ६ महिना कैद र बिगोको दोब्बर ४ लाख ८८ हजार ९०० जरिवाना तिर्नुपर्ने भएको छ ।

# आज नीति तथा कार्यक्रम

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आज मंगलबार आफ्नो नीति तथा कार्यक्रम ल्याउने भएको छ । नीति तथा कार्यक्रम प्रस्तुत हुने भएकाले प्रदेशसभा सदस्यलाई दिनको २ बजे उपस्थित हुन आग्रह गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ ।
मंगलबार दिनको २ बजे बस्ने प्रदेश सभाको बैठकमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम प्रदेश सरकारको आर्थिक वर्ष २०८१–८२ को वार्षिक नीति तथा कार्यक्रममार्फत सभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको प्रदेशसभा सचिवालयले जनाएको छ ।
संवैधानिक व्यवस्था अनुसार नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गरेर छलफल गरेर पारित गरेपछि असार १ गते बजेट ल्याउन पर्ने छ । केही दिनअघि जनमत पार्टीको नेतृत्वमा मधेश सरकार गठन भएको हो । मधेस सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले विश्वासको मत समेत लिएका छैनन् ।

# 'सुरक्षित नागरिक आवास' कार्यक्रम अलपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराका अति गरिब तथा विपन्न परिवारको फुसका छानो फेर्ने 'सुरक्षित नागरिक आवास' कार्यक्रम अलपत्र भएको छ । सहरी विकास मन्त्रालय अन्तर्गतको सुरक्षित नागरिक आवास कार्यक्रम बारा निर्वाचन क्षेत्र नं ४ मा खारेज भएको छ भने अन्य निर्वाचन क्षेत्रमा अलपत्र अवस्थामा छ । यो कार्यक्रममा फुस, स्याउला, खपटा र टायलको छानो भएका प्रतिपरिवार ७५ हजार रुपैयाँ बराबर जस्तापाताको छाना लगाउन उपलब्ध गराउने व्यवस्था छ । कार्यक्रम अन्तर्गत सहरी विकास मन्त्रालय मार्फत स्थानीय तहमा वडाले घरको छनोट गरेर पालिकाले रकम भुक्तानी गर्दछ । तर वडा र पालिकाले नै विगत ३ वर्षदेखि यो कार्यक्रम कार्यान्वयनमा चासो नदेखाएपछि रातो किताबबाट यो कार्यक्रम हटाइएको छ । सरकारले अति विपन्न, अशक्त, वृद्धवृद्धा, असहाय तथा एकल महिलालाई प्राथमिकतामा राखेर २०७५ सालदेखि यो कार्यक्रम लागु गरेको हो । बारा निर्वाचन क्षेत्र नं ३ (क) प्रदेशसभा सदस्य रविन्द्रदास श्रेष्ठले सुरक्षित नागरिक आवास कार्यक्रम खारेज भएको बताए । कार्यक्रम खारेज भएसँगै अति गरिब, विपन्न परिवारका लागि आएको करोडौँ रकम बराबरको बजेटसमेत फिर्ता भएको छ । बारा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य अच्युत मैनालीले सुरक्षित आवास कार्यक्रम प्रभावकारी कार्यान्वयन हुन नसक्नु दुखद भएको टिप्पणी गरेका छन् ।



बारा निर्वाचन क्षेत्र नं ४ को ५ वटा स्थानीय तहमध्ये जीतपुरसिमरा उपमहानगरमा ६१५, प्रसौनी गाउँपालिकामा ४५०, परवानीपुरमा ४१५, फेटा गाउँपालिकामा २३० वटा घरको छानो फेर्न स्वीकृति प्राप्त भएकोमा वडाले घर छनोटमा ढिलाइ गरेपछि यो कार्यक्रम रद्द भएको मैनालीले बताए । योसँगै बारा क्षेत्र नम्बर ४ मा आएको १२ करोड ८२ लाख ५० हजार रुपैयाँ फिर्ता भएको छ । बारा–४ का सांसद किसान श्रेष्ठले वडा र पालिकाको लापरबाहीका कारण केन्द्रमा ठुलो पहल गरेर ल्याएको कार्यक्रम असफल भएको बताए । बारा निर्वाचन क्षेत्र नं १ का सङ्घीय सांसद अच्युत मैनालीले आफ्नो निर्वाचन क्षेत्रको ५ वटा पालिकामध्ये निजगढ र बारागढीमा छिटपुट रूपमा कार्यान्वयन भए पनि कोल्हवी, आदर्श कोतवाल र सिम्रौनगढमा कार्यक्रम कार्यान्वयनमा आउन नसकेको बताए ।

# ढल्केबर–इनरुवा प्रसारण लाइन निर्माण

**काठमाडौँ ।**
नेपाल–भारतबीचको विद्युत् व्यापार विस्तारका लागि महत्वपूर्ण मानिएको निर्माणाधीन हेटौँडा–ढल्केबर–इनरुवा चार सय केभी प्रसारण लाइन निर्माण सम्पन्न भएको छ । देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन सो आयोजना निर्माण गरिएको हो । धनुषाको ढल्केबरबाट सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका–४ इनरुवा सबस्टेसनसम्मको एक सय ५४ किलोमिटर चार सय केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न गरिएको छ । प्रसारण लाइनले करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिन्छ । मकवानपुरको हेटौँडा उपमहानगरपालिका–११ स्थित थानाभ¥याङस्थित हेटौँडा सबस्टेसनबाट इनरुवा सबस्टेसनसम्म दुई सय ८८ किलोमिटर प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो । प्रसारण लाइनलाई हेटौँडा–ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर–इनरुवा एक सय ५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरिएको छ । यसमध्ये ढल्केबर–इनरुवा खण्ड निर्माण सम्पन्न भएको हो । हेटौँडा–ढल्केबर खण्ड निर्माणाधीन छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ढल्केबर–इनरुवा खण्ड निर्माण सम्पन्न हुनु मुलुकको समग्र प्रसारण प्रणालीलाई गुणस्तर तथा विश्वसनीय बनाउन र नेपाल–भारतबीचको विद्युत् व्यापारको परिमाण वृद्धि गर्न महत्वपूर्ण उपलब्धि भएको जानकारी दिए । हाल सञ्चालमा रहेको ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट हुने विद्युत् आयात–निर्यातको परिमाण आठ सय मेगावाट मात्रै छ । अब ढल्केबर–इनरुवा खण्ड निर्माण सम्पन्न भएपछि विद्युत् व्यापारको परिमाण बढाउन सकिन्छ । कोशी करिडोर हुँदै इनरुवा सबस्टेसनमा आएको विद्युत्लाई त्यस क्षेत्रमा खपत गरी अतिरिक्त भएमा ढल्केबर–इनरुवा प्रसारण लाइनमार्फत ढल्केबर ल्याएर भारतर्फ निर्यात गर्न सकिन्छ । 'हाल रहेको एक सय ३२ केभी प्रसारण लाइनको क्षमताले विद्युत् भार नधान्दा हिउँदयाममा ढल्केबरबाट इनरुवातर्फ विद्युत् पठाउन समस्या थियो, भार धान्न नसकेर लाइन नै चुँडिने अवस्था थियो, अब चार सय केभी प्रसारण लाइनबाट पर्याप्त विद्युत् पठाउन सकिने हुँदा भोल्टेज सुधार भई मुख्य रुपमा मोरङ–सुनसरी औद्योगिक करिडोरको विद्युत् आपूर्ति सुधार हुनेछ', उनले भने । इनरुवा चार सय केभी सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेको छ । सुनसरी–मोरङ औद्योगिक करिडोरसहित त्यस क्षेत्रको समग्र विद्युत् आपूर्ति सुधारका लागि हाल सञ्चालनमा रहेको इनरुवा–दुहवी एक सय ३२ केभी प्रसारण लाइनको पुरानो कन्डक्टरलाई बदलेर उच्च क्षमता (एचटिएलएस)को राख्ने प्रक्रिया सुरु भइसकेको छ । यसबाट हालको करिब दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सक्ने उक्त प्रसारण लाइनको क्षमता वृद्धि भई झन्डै दोब्बर हुनेछ । इनरुवाबाट बर्जुसम्म एक सय ३२ केभी प्रसारण लाइन र बर्जुमा एक सय ३२ केभी सबस्टेसन निर्माणाधीन छ । इनरुवा सबस्टेसनबाट भारतसँगको विद्युत् व्यापारका लागि इनरुवा–पूर्णिया र नेपाल, भारत तथा बङ्गलादेशबीचको व्यापारका लागि इनरुवा–अनारमनी चार सय केभी प्रसारण लाइन प्रस्ताव गरिएको छ । इनरुवा–अनारमनी प्रसारण लाइनमा कोरियाली निर्यात आयात (एक्जिम) बैङ्कले सहुलियतपूर्ण ऋण उपलब्ध गराउँदैछ । ढल्केबर–इनरुवा खण्ड प्रसारण लाइनमा चार सय १७ टावर निर्माण गरिएका छन् । प्रसारण लाइनलाई सप्तकोशी पार गराउन नदीमा ११ टावर निर्माण गरिएका छन् । कोशी नदीमा पर्ने पाँच किलोमिटर प्रसारण लाइनका लागि २४–३२ मिटर गहिरो पाइल जग (फाउन्डेसन) हालिएको छ । एउटा टावरमा १६ पाइल फाउन्डेसन गरिएका छन् । दुई वर्षअघि कोशी नदीमा आएको बाढीले खडा गरिएको एउटा टावर नै बगाइदिएपछि प्रसारण लाइन निर्माण जटिल बनेको थियो । कोरोना महामारी, कोशीको बाढी, प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटान स्वीकृतिको प्रक्रियागत उल्झनलगायत कारणले निर्माण प्रभावित भएको आयोजना निर्देशक श्यामकुमार यादवले बताए । उनले सिराहाको लाइन क्षेत्रमा अदालतको अन्तरिम आदेशका कारण चार वर्ष काम रोकिएको र आयोजनाको तीन पटक प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) गर्नु परेको उल्लेख गरे । उनले ढल्केबर–इनरुवा खण्ड निर्माण सम्पन्न भएकाले सम्पूर्ण जनशक्ति ढल्केबर–हेटौँडा खण्ड निर्माण गर्न परिचालन गरिने बताए । अहिले ढल्केबरबाट हेटौँडातर्फ प्रसारण लाइनको तार तान्ने काम भइरहेको छ । हालसम्म ४५ किलोमिटर तार तानिएको छ । हेटौँडा उपमहानगरपालिका–१५, १६ तथा १७ स्थित हटिया क्षेत्रका केही स्थानीयले प्रसारण लाइनको रुट सार्न माग गर्दै करिब सात वर्षदेखि निर्माणमा अवरोध गरिरहेका छन् । हटिया क्षेत्रमा १४ र हेटौँडा–११ थानाभ¥याङमा दुईवटा गरी १६ टावर



निर्माण गर्न बाँकी छन् । हेटौँडा–ढल्केबर–इनरुवा प्रसारण लाइन आयोजना पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्दछ । प्रसारण लाइन मकवानपुर, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, उदयपुर र सुनसरी गरी १० जिल्लामा पर्दछ । तीस महिनामा निर्माण सम्पन्न गर्ने गरी २०६९ माघमा ठेक्का सम्झौता भएको थियो । हेटौँडा–ढल्केबर–इनरुवा चार सय ४० केभी प्रसारण लाइन विद्यमान एक सय ३२ केभी प्रसारण लाइन र पूर्व–पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ । प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दायाँबायाँ २३÷२३ मिटर छ । आयोजनाले पाँच सय १८ हेक्टर वन क्षेत्रमा रहेका रूख काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमिन अधिग्रहण गर्नुपर्ने छ । मार्गाधिकारमा चार सय ७५ हेक्टर निजी जग्गा र एक सय ७१ घर तथा अन्य संरचना प्रभावित हुनेछन् । यसमध्ये ढल्केबर–इनरुवा खण्डमा मार्गाधिकारको क्षतिपूर्तिमा मात्र करिब पाँच अर्ब रुपैयाँ खर्च भएको छ । सत्र करोड अमेरिकी डलर अनुमानित लागत रहेको आयोजना नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैङ्कको सहुलियतपूर्ण ऋणमा नेपाल–भारत विद्युत् प्रसारण तथा व्यापार परियोजनाअन्तर्गत सुरु गरिएको हो । विश्व बैङ्कको ऋण अवधि सकिएपछि बाँकी काम हाल सरकार र प्राधिकरणको लगानीमा भइरहेको छ । रासस

# लामिछानेको मुद्दामा मिसिल झिकाउने आदेश

**काठमाडौँ ।**
सर्वोच्च अदालतले उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेविरुद्ध दायर भएको रिट निवेदनमाथिको सुनुवाइपछि मिसिल झिकाउने आदेश गरेको छ ।
न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले उपप्रधानमन्त्री लामिछानेलाई निलम्बन गर्न माग गरिएको रिट निवेदनमाथि सुनुवाइका लागि आवश्यक मिसिल झिकाउने आदेश गरेको हो । सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेका अनुसार मुद्दामा जितेन्द्र बाबु राई (जिबी राई) समेत भएको सहकारी ठगीको मुद्दाको मिसिल रुपन्देही जिल्ला अदालतबाट झिकाउन आदेश दिइएको छ । मुद्दालाई अग्राधिकार दिँदै अर्को सुनुवाइ आगामी असार ४ गतेका लागि तोकिएको उनले जानकारी दिए ।
यसअघि न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले जेठ २० गते रिटमाथि सुनुवाइ गर्दै अन्तरिम आदेश दिने वा नदिने भन्ने विषयमा सोमबारका लागि छलफलमा बोलाएको थियो ।
सहकारीको रकम अपचलनमा संलग्न रहेको देखिएको दाबी गर्दै अधिवक्ता अनुपम भट्टराईले उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेलाई पदबाट हटाउन माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन पेश गरेका थिए । न्यायाधीश टेकप्रसाद ढुङ्गानाको इजलासले जेठ ९ गते गृहमन्त्रीविरुद्ध पेस भएको रिट निवेदन दर्ता गर्न अस्वीकार गर्ने आदेश (दरपीठ आदेश) खारेज गर्दै रिट दर्ता गर्न आदेश गरेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन